जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com
वर्ष २५ •अंक २०२ • २०८० साल पुस ४ गते बुधबार (20 December, Wednesday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।-

## संघीयतामाथि संकट
# राप्रपाले प्रदेश खारेजी र हिन्दू राष्ट्रका लागि आन्दोलन गर्ने

**राजेशकुमार यादव**

काठमाण्डु । संघीयतामाथिको संकट गहिरिन थालेको छ । राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा)ले राजसंस्था, हिन्दू राष्ट्र र प्रदेश तह खारेजीका लागि देशव्यापी आन्दोलनको घोषणा गरेको छ।

राप्रपा केन्द्रीय समितिको बैठकको निर्णय सार्वजनिक गर्दै मंगलवार अध्यक्ष राजेन्द्र लिङ्देनले सर्वधर्म सद्भाव पूर्ण धार्मिक स्वतन्त्रतासहितको वैदिक सनातन धर्म सापेक्ष हिन्दू राष्ट्र पुनः स्थापना, राजसंस्थाको स्थापना र प्रदेश तहको खारेजीको लागि देशभर आन्दोलन गर्ने निर्णय पार्टीले गरेको बताएका छन्।

राजसंस्थाको पुनःस्थापना, हिन्दू धर्म घोषणा र प्रादेशिक संरचना खारेजीको माग गर्दै राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल र दुर्गा प्रसाईं लगायतले संघर्षमा उत्रेको बेला राप्रपा नेपालले पनि देशव्यापी आन्दोलनको घोषणा गरेको छ। फागुन महिनादेखि सुरु गर्ने आन्दोलन तयारीका लागि विभिन्न समितिहरुसमेत गठन गरिएको अध्यक्ष लिङ्देनले जनाएका छन् ।

अध्यक्ष लिङ्देनका अनुसार आन्दोलनको तयारीका लागि पुस र माघमा देशैभर सभा तथा तयारीका कामहरु गरिने, फागुन महिनामा मेची महाकाली एकता यात्रा र उपत्यका केन्द्रित प्रदर्शन गर्ने निर्णय गरिएको छ।



प्रतिनिधि सभामा पाँचौ ठूलो दल रहेको राप्रपाको १४ जना सांसद छन् । प्रदेशमा पनि राप्रपाबाट निर्वाचित र समानुपातिकबाट सभासद चुनिएका छन्।

राप्रपाले आन्दोलनका लागि समान विचार राख्ने दलहरु, अभियान तथा धार्मिक संघ, संगठन, उद्योगी, व्यवसायी, विभिन्न पेशाकर्मीहरु, बुद्धिजीवी एवम् देशभित्र र देशबाहिर रहेका सम्पूर्ण राष्ट्रवादी नेपालीलाई सहभागी हुन आग्रह गरेको छ।

यस अघि राप्रपा नेपालको केन्द्रीय समितिको बैठकले पनि यस्तै निर्णयहरु गरिसकेको छ । राप्रपा नेपालका अध्यक्ष कमल थापाले पनि समान विचार राख्ने दल, अभियान लगायतका संघसंस्थाहरुसित एकबद्ध भइ आन्दोलनमा जाने निर्णय गरेको सार्वजनिक गरिसकेका छन् ।

राप्रपाको पुस १ गतेदेखि ३ गतेसम्म केन्द्रीय समितिको बैठक काठमाण्डुमा बसेको थियो । बैठकले अध्यक्ष राजेन्द्र लिङ्देनको नेतृत्वमा आन्दोलनको मूल समितिसहित चार वटा समिति गठन गरेको छ । आवश्यकता अनुसार अन्य समिति बनाउने पनि निर्णय गरेको छ।

वर्तमान गठबन्धन सरकारकै कारण संघीयता संकटमा परेको आरोप तराई/मधेश केन्द्रित दलहरुले लगाउँदै आएका छन्। संघीयतालाई सबल बनाउन सरकारले संविधान प्रदत्त अधिकारसमेत नदिएको आरोप लगाउँदै सातवटै प्रदेशका सरकारले विरोध गर्दै आएको छ।

प्रदेश सरकारसित प्रहरी प्रशासन, निजामती कर्मचारीलगायतका कयौं महत्वपूर्ण अधिकारहरु संघीय सरकारले प्रयोग गर्न नदिंदा प्रदेश सरकारको औचित्यमाथि नै प्रश्न उठ्न थालेको छ।

राजसंस्थाको पुनर्स्थापना, हिन्दूराष्ट्र पुनःघोषणा र प्रादेशिक संरचना खारेजीको माग गर्दै एकजुट हुन थालेका शक्तिहरूले सर्वसाधारणलाई सास्ती हुने महँगी, उद्योगी व्यवसायीहरूलाई धराशायी बनाउने बैंकको चर्को ब्याजदरलगायतका मुद्दाहरूलाई राप्रपाले पनि उठाउने बताइएको छ।

# चैतसम्म संविधान खारेज हुने

**भरत कोइराला**



पोखरा । संघीयतालाईधरापमा पार्न लागिएको बेला नेपाली कांग्रेसका एकजना केन्द्रीय सदस्य शंकर भण्डारीले चैतसम्म संविधान खारेज हुनसक्ने खुलासा गरेका छन् ।

कांग्रेस गण्डकी प्रदेशको पोखरामा मंगलबार आयोजित सम्मेलनको उद्घाटन सत्रमा नेता भण्डारीले चैतसम्म हालको संविधान खारेज हुने सूचना प्राप्त भएको दाबी गरेका छन् ।

उनी नेपाललाई हिन्दू राष्ट्र घोषणा गर्नुपर्ने कांग्रेस भित्रकाएकअभियानी हुन् । सीताराम विवाहमहोत्सवको अवसरमा उनी जनकपुरधाममा पुगेर हिन्दू राष्ट्रको पक्षमा अभिव्यक्ति दिएका थिए। उनी सुन्दर सदनको मटकोर र विवाहमहोत्सव कार्यक्रममा प्रमुख अतिथि थिए।

पार्टी सभापति शेरबहादुर देउवालाईसमेत जानकारी गराएको दाबी गर्दै उनले भने, मैले पाएको सूचना गलत छैन भने चैतसम्म यो संविधान खारेज हुन सक्छ ।,

खुशिको खबर ! खुशिको खबर !! खुशिको खबर !!!
कृष्णा मेडिकल एण्ड टेक्निकल रिसर्च सेन्टर (अस्पताल)
ब्रहमपुरी, जनकपुरधाम–९, धनुषा (नेपाल)
साबिकको जानकी मेडिकल कलेजको सिटी हस्पिटल भवनमा



डा. हेमन्त कुमार साह
एन.एम.सी.नं. १५०४०
एम.बि.बि.एस., एम.एस. (न्यूरोसर्जरी)
एम.सी.एच., न्यूरोसर्जरी (टि.यू., आई.ओ.एम.)
कन्सल्टेन्ट न्यूरोसर्जन

☞ यहाँ Brain तथा Spinal सम्बन्धित सबै शल्यक्रिया (Operation) आधुनिक मेशिनद्वारा गरिन्छ ।
☞ यहाँ २४ घण्टा ICU तथा Emergency सेवा उपलब्ध छ ।

१) टाउको दुख्नु (Migraine headache) अर्द्धकपारी
२) टाउको, ढाड, हात तथा खुट्टाको समस्या
३) नशा च्यापिनु
४) छारे रोग
५) हात, खुट्टा पोल्नु
६) हात, खुट्टा झमझम गर्नु र काम्नु
७) रिंगटा लाग्नु
८) प्यारालाइसिस
९) हिडदा हुतिनु
१०) पक्षघात (Brain Haemorrhage, Brain Tumor)




टाउको तथा नाशामा चोटपटक लाग्नु सम्बन्धी सम्पूर्ण रोगको लागि एउटै गन्तव्य ।
सम्पर्क नं. ०४१-५९१०९२, ९८१४०२९७६९

मधेश प्रदेशको राजधानी साँस्कृतिक नगरी जनकपुरधाम स्थित होटल
ANJANI SUITE








विशेषताहरु
- लक्जरीयर्स रुमहरु
- ठुलो पार्किङ्ग
- जनकपुरधामको रमणीय दृश्य देखिने रुफटप रेष्टुरेन्ट
- EV चार्जिङ्ग स्टेशनको व्यवस्था
- मल्टीक्यूजन रेष्टुरेन्ट, पार्टी हल, कन्फेन्स हल
- विमानस्थलबाट पिकअप एण्ड ड्रपको व्यवस्था

सम्पर्क नं.
९८५४०३०५०२, ९८५४०२७५९१

## नगराईन नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
नगराईन, धनुषा
मधेश प्रदेश, नेपाल

## जनहितमा जारी सन्देश

- घर निर्माण गर्नु अगाडि अनिवार्य रुपमा नगरपालिकाबाट नक्शा पास गरौं ।
- घर निर्माण गर्दा भुकम्प प्रतिरोधी गराउने सम्बन्धमा कुनै सम्झौता नगरौं ।
- घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सो को पालना गरौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरु अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भुमिका निर्वाह गरौं ।
- आफ्नो टोल बस्तीमा हुने विकासका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सदैव जागरुक बनौं ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- घरमा उत्पादन हुने फोहोरलाई कुहिने र नकुहिने छुट्याएर राखौं । कुहिने फोहोरबाट घरमै मल निर्माण गरौं ।
- हाम्रो टोल, बस्तीको सफाईले हाम्रो सभ्यताको परिचय दिन्छ । आफ्नो घर, टोल र सार्वजनिक क्षेत्र सदैव सफा राखौं ।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो । तसर्थ विकासका खातिर समयमै तोकिएको कर दस्तुर नगरपालिकामा बुझाउने गरौं ।
- नगरबासीको नाताले खुल्ला स्थानमा दिशा गर्नु लाजमर्दो काम हो । तसर्थ सबैले शौचालय निर्माण गरी प्रयोग गरौं ।
- नगरपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं । तपाईले जति बढी चासो देखाउनु हुन्छ, नगरपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ ।
- सडक छेउ किनारामा निर्माण सामग्रीहरु नराखौं ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- बालश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरुवा रोपौं ।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- बालश्रमको प्रयोग नगरौं । नगरपालिकालार्य बालश्रममुक्त नगर बनाऔं । सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुवै समाजका सम्पत्ति हुन्, बालबालिकाको लालन, पालन र शिक्ष दिक्षमा ध्यान दिऔं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीहरुमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा यस पालिकालाई सहयोग गरौं । सार्वजनिक स्थलमा जतातत‍ै फोहोरमैला नफालौं ।
- स्वस्थ्य रहन सरसफाईमा ध्यान दिऔं । आफ्नो घर आँगनबाट उत्पन्न हुने फोहोरमैलालाई उचित व्यवस्थापन गरी सफा, सुन्दर बनाउन सहयोग गरौं ।
- शौचालयमा दिसा, पिसाब गरेपछि साबुन पानीले हात धुने बानी बसालौं, जसबाट महामारीका रुपमा आउने रोगबाट बचौं ।
- हरेक गर्भवतीले नजिकको स्वास्थ्य संस्थामा गई नियमित गर्भजाँच गरौं । २ वर्ष मुनीका बच्चाहरुलाई नजिकको स्वास्थ्य संस्थामा लगेर मासिक रुपमा नियमित तौल लिने गरौं । कम तौल र कुपोषण हुनबाट बचाऔं ।

# एनसेलको शेयर कारोबारमा रोक लगाउन निर्देशन

**टुडे समाचारदाता**

काठमाण्डु । सङ्घीय संसद्को राज्य व्यवस्था तथा सुशासन समितिले निजी क्षेत्रको दूरसञ्चार सेवा प्रदायक कम्पनी एनसेलले राज्यलाई तिर्नुपर्ने कर रकम असुल उपर गर्न नेपाल सरकारलाई निर्देशन दिएको छ।

समितिको मंगलबारको बैठकले एनसेलको शेयर खरिदबिक्रीसम्बन्धी अध्ययन तथा छानबिन समिति-२०८० को प्रतिवेदनसमेतलाई आधार लिई राज्यलाई बुझाउनुपर्ने कर रकम एनसेलबाट असुल गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, अर्थ मन्त्रालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिएको हो।



बैठकले छानबिन समितिको प्रतिवेदन नआउन्जेलसम्म एनसेलको शेयर कारोबारमा स्वीकृति तथा सहमति नदिन ती मन्त्रालयलाई निर्देशनसमेत दिएको छ।

समितिले दूरसञ्चार ऐन र नियमावली समयसापेक्ष संशोधन गरी यथाशीघ्र ल्याउन सरकारलाई निर्देशनसमेत दिएको सभापति रामहरि खतिवडाले जानकारी दिऐ । बैठकले एनसेलजस्ता ठूला कम्पनी खरिद-बिक्री गर्दा खरिदकर्ताको क्षमता, कम्पनी चलाएको अनुभव सम्बन्धमा जाँच गरी कार्यान्वयन गर्न सरकारलाई निर्देशनसमेत दिएको छ।

यस्तै अहिलेसम्म एनसेलले शेयर किनबेच गरेको सम्बन्धमा नेपाल दूरसञ्चार प्राधिकरणले गरेको कामकारबाहीको सम्बन्धमा जानकारी माग गर्ने तथा विसं २०८६ मा एनसेल नेपाल सरकारको स्वामित्वमा ल्याउन पहल गर्न सरकारलाई आवश्यक नियम कानुन संशोधन गर्न समितिले निर्देशन दिएको छ।

# प्रतिमाले विश्व रेकर्ड बनाउनेमा ढुक्क हुन नगरवासीसंग महासेठको अपिल

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठले तीन चारदिन भित्रै जनकपुरधाममा निमार्ण गरिएको रामजानकी प्रतिमाले विश्व रेकर्ड बनाउनेमा ढुक्क हुन सबैमा आग्रह गरेका छन्। उनले समाजीक संजालमा आईरहेको विभिन्न किसीमको प्रतिक्रियाको जवाफ दिदै तीनचार दिन भित्रै विश्व रेकर्ड बनाएको प्रकाशन गरिने र यसमा सबैलाई ढुक्क हुन आग्रह गरे । उनले समाजीक संजाल माफर्तनै विज्ञप्ती जारी गर्दै केही आत्मरती निजि प्रयोजन प्राप्तीको कुन्ठा राख्ने बर्गदेखी हामी सचेत रहन आग्रह गर्दै जुन अभिप्रायले प्रतिमा निमार्ण गरियो त्यो अवश्यनै पुरा हुने बताए। उनले लेखेका छन् :जनकपुरधामले यसपालि फरक किसिमले आत्मियता देखायो फरक किसिमले आफ्नो इतिहास आफ्नो स्वाभिमान आफ्नो




परिचयलाइ बिश्वजगतमा फैलायो ईतिहास रच्यो हामी केवल वहाहरुको साथमा साथ यो यात्रामा कदम नडगमगाइ अगाडी बढयौ र रामजानकी प्रतिमाले बिश्वरेकर्ड बनाउनेमा यहाहरु ढुक्क हुनुहुन अनुरोध छ तिनचार दिनभित्र यो प्रकाशन गरिने जानकारी अनुरोध समेत छ । अध्यक्ष महासेठले यसबाट कुण्ठित भएका केहि व्यक्तिले सामाजिक सन्जालमा अनर्गल प्रचारप्रसार गर्नुलाइ अन्यथा नलिएको बताउदै काम गरेको हरेक चीज जनताको विचमा राख्ने प्रतिवद्धता समेत जनाएका छन् । महासेठले प्रयोग गरिएको अन्नको संरक्षण गर्ने दायित्व सरोकारवालाले नै लिएको र यसमा साथ सहयोग गर्नुहुने सम्पूर्ण दाताहरुको नामावली रकम अन्नको यकिन परिमाण त्यहा चढाइएको जिन्सी लगायत सबैको फेहरिस्त रहेको त्यो सबै सार्वजनिक गरिने बताएका छन् । उनले जनकपुरधामको परिचयमा नया अध्याय थपिन गइरहेकोमा यस अभियानमा साथ दिने सम्पुर्ण नगरवासीका साथै सम्पुर्ण निकायहरुलाई धन्यवाद समेत ज्ञापन गरेका छन्।

# वैदेशिक रोजगारीमा पठाउने बाहनामा ठगी

**टुडे समाचारदाता**

म्याग्दी । वैदेशिक रोजगारीमा पठाउने बाहनामा रु ४६ लाखभन्दा बढी रकम ठगी गरेका म्याग्दीका एक जनालाई प्रहरीले पक्राउ गरेको छ।

म्याग्दी जिल्ला अदालतबाट छ दिन कैद र रु ४६ लाख सत्र हजार एक सय जरिवाना तोकिएका मङ्गला गाउँपालिका-४ (साविक बरङ्जा गाविस)-८ का ४३ वर्षीय गङ्गाबहादुर रोकालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय म्याग्दीले जनाएको छ।

विदेश नपठाएको र सङ्कलन गरेको रकम फिर्ता नगरेपछि नौ जना पीडितले रोकाको विरुद्ध बैंकिङ कसुरमा मुद्दा दायर गरेका थिए । रोकाले एक जनाबाट रु दुई लाखदेखि रु दश लाखसम्म ठगी गरेका थिए। प्रहरी निरीक्षक अशोककुमार झाका अनुसार सोमबार बरङ्जाबाट पक्राउ परेका रोकालाई मङ्गलबारनिज उपर लागेको दण्ड जरिवाना असुलउपरका लागि म्याग्दी जिल्ला अदालतमा पेश गरिएको छ।

"विदेश पठाउने भनेर पैसा उठाएका रोकाले विदेश नपठाएपछि पीडितलाई चेक दिएका रहेछन्", प्रहरी निरीक्षक झाले भने, "पीडितलाई दिएको चेक नसाटिएपछि बैंकिङ कसुरमा म्याग्दी जिल्ला अदालतमा दायर गरेको मुद्दामा दोषी ठहर भएका हुन्।" बैंकिङ कसुरमा म्याग्दीमा पक्राउ परेकामध्ये रोका धेरै रकम ठगी गर्नेमा पर्ने जनाइएको छ।

# बृहत्त सरसफाई कार्यक्रम सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम । समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तरगत जनकपुरधाममा वृहत सरसफाई कार्यक्रम गरिएको छ।

सप्ताह व्यापी विवाहोत्सवको क्रममा जानकी मन्दिरमा भएको फोहरलाई सरसफाई गर्ने उदेश्यले नेपाल प्रहरी श्रीमती संघ मधेश प्रदेशको आयोजनामा जानकी मन्दिरमा मंगलबार वृहत सरसफाई गरिएको हो।

कार्यक्रममा साढे चारसय भन्दा प्रहरी कर्मचारीहरुको सहभागीतामा दमकलको प्रयोग गरेर जानकी मन्दिरको प्रांगन र विवाह मण्डपको सरसफाई गरिएको धनुषा प्रहरीका प्रवक्ता रन्जन आवाले जानकारि दिए।

सरसफाई कार्यक्रममा मधेश प्रदेशका प्रहरी नायव महानिरक्षक जनक भटराई,मधेश प्रदेश प्रहरी गणका प्रहरी उपरिक्षक हरिनाथ योगी,नेपाल प्रहरी विशेष सुरक्षा गणका प्रहरी उपरिक्षक नरेन्द्र कुमार कार्की,जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी उपरिक्षक मित्रवन्धु शर्मा लगायतको उपस्थिती रहेको थियो।

# साढे १३ हजार लाभग्राहीले पाए पहिलो किस्ता

**टुडे समाचारदाता**

काठमाण्डु। गत कात्तिक १७ गते जाजरकोट रामीडाँडा केन्द्र विन्दु बनाएर गएको भूकम्पले क्षति पुऱ्याएको रुकुम पश्चिममा झण्डै साढे १३ हजार लाभग्राहीले अस्थायी आवास निर्माण गर्न पहिलो किस्ता प्राप्त गरेका छन् । जिल्लाका छवटै पालिकाका १३ हजार तीन सय ८३ लाभग्राहीले पहिलो किस्ताबापत २५ हजारका दरले रकम प्राप्त गरेका हुन् ।

सबैभन्दा बढी आठबीसकोट नगरपालिकाका चार हजार सात सय ४२ र सबैभन्दा कम मुसिकोट नगरपालिकामा ५९ लाभग्राहीले पहिलो किस्ताबापत रकम प्राप्त गरेका हन् । त्यस्तै सानीभेरी गाउँपालिकामा दुई हजार तीन सय २१, त्रिवेणी गाउँपालिकामा दुई हजार ६८ लाभग्राहीले पहिलो किस्ता प्राप्त गर्दा बाँफीकोट गाउँपालिका भने लाभग्राहीले अझै अस्थायी आवास निर्माणको रकम पाउन सकेका छैनन् ।

आठबीकोटमा सात हजार लाभग्राहीका लागि जिल्ला विपद् व्यवस्थापन कोषबाट रकम प्राप्त भए पनि बैंकमा खाता सञ्चालन भएका चार हजार सात सय ४२ लाभग्राहीलाई पहिलो किस्ता बापतको रकम पठाइएको निमित्त प्रमुख प्रशासकीय अधिकृत मणिराज शाहले जानकारी दिए । उनका अनुसार नगरिपालिकाभर नौ हजार नौ सय ६२ लाभग्राहीको स॰_या एकीन भएको छ।

बाँकी लाभग्राहीलाई पनि खाता सञ्चालन भएपछि तत्काल रकम पठाइने उनले जानकारी दिए । त्यहाँ हालसम्म दुई हजार दुई सय ४० अस्थायी आवास निर्माण भइसकेको छ भने तीन हजार छ सय ९० वटा अस्थायी आवास निर्माणको चरण रहेको नगरपालिकाले जनाएको छ । चौरजहारी नगरपालिकामा चार हजार एक सय ९३ लाभग्राहीको खातामा रकम पठाइएको छ । जिल्ला विपद् व्यवस्थापन कोषबाट छ हजार दुई सय ७९ लाभग्राहीका लागि रकम प्राप्त भएको निमित्त प्रमुख प्रशासकीय अधिकृत शेरप्रसाद ढकालले जानकारी दिनुभयो । उहाँका अनुसार नगरपालिकामा आठहजार तीन सय ८३ लाभ्रग्राहीको पहिचान भएको छ।

पालिकामा हालसम्म दुई सय रकम अर्थात् दुई हजार ६९ लाभग्राहीका लागि आएको रकम खातामा पठाइएको प्रमुख प्रशासकीय अधिकृत प्रेमबहादुर घर्तीले जानकारी दिए । उनका अनुसार बाँकी रहेका छ सय ७३ लाभग्राहीका लागि रकम माग गरेर पठाइएको छ। विवरण सङ्कलनको काम अझै जारी छ।

> आठबीकोटमा सात हजार लाभग्राहीका लागि जिल्ला विपद् व्यवस्थापन कोषबाट रकम प्राप्त भए पनि बैंकमा खाता सञ्चालन भएका चार हजार सात सय ४२ लाभग्राहीलाई पहिलो किस्ता बापतको रकम पठाइएको निमित्त प्रमुख प्रशासकीय अधिकृत मणिराज शाहले जानकारी दिए ।

अझै विगरण सङ्कलन गर्न केही दिन लाग्ने उनले जानकारी दिए। त्यहाँ एक सय १८ अस्थायी आवास निर्माण हुँदा एक हजार पाँच सय ३३ अस्थायी आवास निर्माणको चरणमा रहेका छन् । सानीभेरी गाउँपालिकामा अस्थायी आवास निर्माण गर्न दुई हजार तीन सय २१ लाभ्रग्राहीले पहिलो किस्ता पाएका छन् । पालिकाभर हालसम्म पाँच हजार चार सय २५ लाभग्राही पहिचान भएका छन् । जसमा बाँकी रहेका लाभग्राहीले पहिलो किस्ताबापतको रकम पाउन बाँकी रहेको गाउँपालिका अध्यक्ष बिर्खबहादुर विष्टले जानकारी दिए।

उनका अनुसार पालिकाभर हालसम्म विभिन्न राजनीतिक दल सङ्घ संस्था तथा सरकारको अनुदानमा एक हजार छ सय अस्थायी आवास निर्माण भएका छन्। बाँकी अस्थायी आवास निर्माणको काम जारी रहेको उनले जानकारि दिए।

त्यस्तै त्रिवेणी गाउँपलिकामा जिल्ला विपद् व्यवस्थापन कोषबाट प्राप्त भएको सबै २२ अस्थायी आवास निर्माण भएको र दुई सय ६४ अस्थायी आवास निर्माणको क्रममा रहेको प्रमुख प्रशासकीय अधिकृत घर्तीले जानकारी दिए । जिल्ला विपद् व्यवस्थापन कोषबाट मुसिकोट नगरपालिकामा आठ सय ६६ लाभग्राहीको रकम प्राप्त भएकामा हालसम्म ५९ लाभग्प्रहीलाई रकम पठाइएको नगरपालिकाले जनाएको छ । त्यहाँ हालसम्म नौ सयभन्दा बढी लाभग्राही पहिचान भएका छन् ।

बाँफीकोट गाउँपालिकामा जिल्ला विपद् व्यवस्थापन कोषबाट एक हजार छ सय ९९ लाभग्राहीलाई रकम गएको भए पनि कार्यकारी अधिकृत नहुँदा हालसम्म कुनै पनि लाभग्राहीले अस्थायी आवास निर्माणको लागि रकम दिन नसकिएको गाउँपालिकाले जनाएको छ । अस्थायी आवास निर्माण गर्न प्राप्त भएको रकम अपुग भएपछि सङ्घीय सरकारलाई रु एक अर्ब दुई करोड माग गरी पठाएको सहायक प्रमुख जिल्ला अधिकारी प्रवेश बढुवालले जानकारी दिए।

# अझै तीन पालिकामा स्वास्थ्य बीमा कार्यक्रम कार्यान्वयनमा आएन

**टुडे समाचारदाता**

काठमाण्डु । देशभरि कार्यान्वयनमा आएको स्वास्थ्य बीमा कार्यक्रम काठमाडौं जिल्लाका तीन पालिकामा अझै सुरु भएको छैन। काठमाडौं महानगरपालिका, बूढानीलकण्ठ नगरपालिका र नागार्जुन नगरपालिकामा बीमा कार्यक्रम अझै सुरु भएको छैन। ललितपुर महानगरमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सोमबार बीमा कार्यक्रमको सुरुआत गरेका हुन्।

सबै नागरिकलाई सर्वसुलभ गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न र स्वास्थ्य सेवा उपभोगमा सुधार ल्याउनका लागि २०७२ सालदेखि बीमा कार्यक्रम कार्यान्वयनमा आएको थियो । बोर्डका सूचना अधिकारी ओमकुमारी कँडेलले तीन स्थानीय तहको प्रथम सेवा विन्दुको निर्क्यौल नभएकाले लागू गर्न समस्या भइरहेको छ । "उपत्यकाका ठूला केन्द्रीय अस्पतालमा रिफर गरेर आएका बिरामीको चाप रहेको छ । ती अस्पताललाई प्रथम सेवा विन्दु गराउन सकिँदैन," उनले भने, "ती तीन स्थानीय तहले चाँडै नै प्रथम सेवा




विन्दु निर्क्यौल गर्न लागिरहनुभएको छ। ती निर्क्यौल भएपछि लागू हुन्छ ।"

वीर अस्पताल, त्रिवि शिक्षण अस्पताल, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, शुक्रराज ट्रपिकल अस्पताल, निजामती कर्मचारी अस्पतालमा प्रथम सेवा विन्दुबाट रिफर गरेर आएका बिरामीको चाप रहेकाले ती अस्पतालले तीनवटा स्थानीय तहको प्रथम सेवा विन्दु मान्न तयार नभएको उनको भनाइ छ। काठमाडौं महानगर पालिकाका स्वास्थ्य विभाग प्रमुख रामप्रसाद पौडेलले चाँडै नै महानगरले बीमा कार्यक्रम लागू गर्नका लागि स्वास्थ्य बीमा बोर्डसँग सम्झौताको तयारी गरेको जानकारी दिए। उनले वडा कार्यालयमा रहेका सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रलाई प्रथम सेवा विन्दुका रुपमा रहने जानकारी दिए।

"हामीले वडामा रहेकामा सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रलाई प्रथम सेवा विन्दु मानेर बीमितको उपचार गर्ने तयारीमा रहेको छौँ," उनले भने, "सबै तयारी पूरा भइसकेको छ । अब हामी बोर्डसँग यसै हप्ता सम्झौता गर्छौं।"

उनका अनुसार ३२ वडामध्ये २४ वडामा रहेका सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र उपकरण र जनशक्तिको सबै तयारी पूरा गरिसकेको र अन्य वडामा पनि तयारी सुरुआत गरिएको छ । बोर्डमा हालसम्म ७४ लाख बीमित भइसके पनि करिब ४७ लाखमात्र सक्रिय रहेका छन् । २०७२ चैत २५ गते गुणस्तरीय स्वास्थ्य सेवालाई जनस्तरसम्म पुऱ्याउनका लागि स्वास्थ्य बीमा बोर्ड स्थापना गरिएको थियो। अहिले ७७ जिल्लामा लागू गरिएको स्वास्थ्य बीमा बोर्डले एक लाखसम्म बीमित परिवारले निःशुल्क उपचार सेवा पाउनेछन्।

एकदेखि पाँचजनासम्म परिवारले प्रत्येक वर्ष बीमितबापत रु तीन हजार पाँच सय र पाँचजनाभन्दा बढी भएको खण्डमा प्रत्येक एकजना बराबर थप रु सात सय थप्नुपर्ने छ।

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : धन वृद्धि सञ्चय । |
| बृष | : प्रेम प्रसंग, मित्र सुख । |
| मिथुन | : सुख समृद्धि हुने । |
| कर्कट | : भ्रमण अवसर हुने । |
| सिंह | : अवसर प्राप्त । |
| कन्या | : वाद विवादबाट बच्नु । |
| तुला | : पुरस्कार प्राप्त लाभ । |
| वृश्चिक | : नयाँ कार्य हुने । |
| धनु | : बौद्धिक क्षमता । |
| मकर | : प्रतिभा सम्पन्नता । |
| कुम्भ | : शिक्षामा उन्नति । |
| मीन | : पारिवाहिक सुख । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



सुनसरीको इनरुवा-४ मा जाडो बढेसँगै पशुचौपायालाई बोरा लुगा बनाएर बडाइदिँदै । केही दिनदेखि जाडो बढेकाले जनजीवन प्रभावित भइरहेका छन् । *तस्बिर : रासस*

# गाँजा फँडानी अभियान तीव्र

वीरगञ्ज । गाँजा फँडानी अभियानलाई तीव्रता दिँदै पर्सा प्रहरीले नौ हजार गाँजाको बोट नष्ट गरेको छ। जिल्लाको पश्चिमी क्षेत्रमा स्थानीयवासीहरुले व्यावसायिक रूपमै गाँजा खेती गर्न थालेपछि प्रहरीले त्यसविरुद्ध अभियान चलाएको छ ।

सो अभियानअन्तर्गत हालसम्म जिल्लाको विभिन्न स्थानमा करिब नौ हजारभन्दा बढी गाँजाको बोट फँडानी गरिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक कुमार विक्रम थापाले जानकारी दिए ।

अभियानकै क्रममा पछिल्लो पटक पर्साको ठोरी गाउँपालिका-३ स्थित रामनगर तथा बुद्धनगर र पटेर्वासुगौली गाउँपालिका-४ र ५ स्थित देउरिया र डेकुलीमा स्थानीयवासीले अवैधरुपमा लगाएको छ हजार गाँजाको बोट फँडानी गरी नष्ट गरिएको थियो ।



इलाका प्रहरी कार्यालय पटेर्वासुगौली, इलाका प्रहरी कार्यालय ठोरी, इलाका प्रहरी कार्यालय औडारबाट खटिएको संयुक्त प्रहरी टोलीले गोप्य सूचनाका आधारमा स्थानीयवासीले करिब ११ कट्ठा जग्गामा लगाएको गाँजा फँडानी गरिएको पटेर्वा सुगौली इलाका प्रहरी कार्यालयका प्रहरी निरीक्षक रामराजा केशरीले जानकारी दिए ।

यसअघि प्रहरी टोलीले जिल्लाको पर्सागढी नगरपालिका-३ झबराहामा करिब डेढ बिघा जग्गामा लगाएको १२ हजार गाँजाको बोट र ठोरी गाउँपालिका र जिराभवानी गाउँपालिकामा करिब १६ कट्ठा जग्गामा लगाइएको १८ हजार गाँजा खेती फँडानी गरेको थियो ।

जिल्ला प्रहरी कार्यालयबाट प्रहरी निरीक्षक सन्तोष राईको नेतृत्वमा खटिएको टोलीले ठोरी गाउँपालिका-३ र ४ मा स्थानीयवासीले दश कट्ठा खेतमा अवैधरुपमा लगाएको गाँजा र जिराभवानी गाउँपालिका-१ मा छ कट्ठा एक धुर जग्गामा लगाएको गाँजाकोबोटहरु फँडानी गरी नष्ट गरेको थियो ।

पर्साको ठोरी, पर्सागढी, बहुदरमाई, पोखरियालगायत स्थानहरूमा गाँजा खेती भइरहेको छ। गाँजाखेती फस्टाउँदै गएकाले त्यसलाई नियन्त्रण गर्न अभियान थालिएको र अन्य स्थानमा पनि गाँजा फँडानीलाई निरन्तरता दिइने जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक थापाले बताए ।

# विद्यार्थीले बनाए सोलार सिस्टम मोडेल

**टुडे समाचारदाता**

जनकपुरधाम।जनकपुरधामस्थित एक निजी विद्यालयका विद्यार्थीले सोलार सिस्टमको मोडेल निर्माण गरेका छन् ।

कक्षा पाँचमा अध्ययनरत जयन्तराज शर्माले सामान्य प्रविधिबाट निर्माण गरिएको उक्त सोलार सिस्टमको मोडलमा डिसी मोटर लगायतका उपकरणहरु प्र योग गरेको जानकारी दिए ।

सोलार बनाउनका लागि मोटर प्रविधिको प्रयोग गरी बनाउँदा सहज भएको भन्दै जयन्तराजसँगै रहेका उदय शाहले मोटर प्रविधिबाट बनाउँदा ब्याट्री र वायर कनेक्ट गरी उक्त सोलार सिस्टमको मोडेल निर्माण गरेको बताए । जयन्तराज र उदय दुबैजना जनकपुरधामस्थित मदर टेरेसा विद्यालयको कक्षा पाँचमा अध्ययनरत छन् । उनीहरुले मिलेर सोलार सिस्टमको मोडेल बनाएका हुन् ।



# आदर्श र सिद्धान्तलाई स्थापित गर्दै अघि बढ्नुपर्छ : देउवा

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले आदर्श र सिद्धान्तलाई स्थापित गर्दै पार्टीलाई थप सुदृढ गरी अघि बढ्नुपर्ने बताउनुभएको छ । नेपाली कांग्रेस गण्डकी प्रदेश सम्मेलनको आज पोखरामा उद्घाटन गर्नुहुँदै उनले पार्टीलाई एकताबद्ध बनाउँदै लैजान सके बहुमत र त्यो नभए सबैभन्दा ठूलो पार्टी बनाउने गरी काम गर्नुपर्नेमा जोड दिऐ ।

नेपाल आदिवासी, जनजाति, दलितलगायतको साझा देश भएको उल्लेख गर्दै सभापति देउवाले सबैलाई एकसाथ समेटेर लैजानुपर्ने बताए । "कुनै पनि पार्टीको बहुमत छैन, त्यसैले कुनै न कुनैसँग मिलेर सरकार बनाउनुपर्ने बाध्यता छ, आवश्यकता पनि यही हो", उनले भने । कांग्रेसको आदर्श र सिद्धान्तमा अन्य पार्टी पनि आएका र त्यसमानेमा पार्टीको जित भएको उनको भनाइ थियो । सभापति



देउवाले भने- "बहुदलीय प्रजातन्त्र हाम्रो सिद्धान्त र आदर्श हो, यसमा समावेशी र समानुपातिक पनि राखिएको छ ।"

नेपाली कांग्रेसका उपसभापति एवं कानुनमन्त्री धनराज गुरुङले आम कार्यकर्ताको भावनालाई आत्मसात् गर्दै पार्टी सङ्गठनलाई अघि बढाउनुपर्नेमा जोड दिनुभयो । पार्टीका महामन्त्री गगनकुमार थापाले कांग्रेसका लागि काम गर्न धेरै अवसर रहेको उल्लेख गर्दै जनताको निराशा हटाउने गरी काम गर्न जरुरी भएको बताए । विधानमा उल्लेखित विषयको पालना गर्दै विधि र पद्धतिअनुसार पार्टी सङ्गठनलाई अघि बढाउने कुरामा सबै लाग्नुपर्ने उनको भनाइ थियो ।

पार्टीका अर्का महामन्त्री विश्वप्रकाश शर्माले कांग्रेसले धेरै सङ्कट पार गरेर आएकाले विद्यमान समस्याको सहजै समाधान गर्नसक्ने जिकिर गरे । हरेक समय चुनावको चिन्ता गर्ने नभई देशको चिन्ता गरी अघि बढ्नुपर्नेमा उनले जोड दिए ।

कांग्रेसका वरिष्ठ नेता शेखर कोइरालाले गुटका कारण कांग्रेस कमजोर बन्न नहुने भन्दै पार्टीलाई एक ढिक्का बनाएर लैजानका लागि सबैको सकारात्मक सोच र क्रियाशीलता आवश्यक हुने बताए । पार्टीका गण्डकी प्रदेश सभापति शुक्रराज शर्माको सभापतित्वमा सम्पन्न कार्यक्रममा कांग्रेस सहमहामन्त्री जीवन परियार, पूर्वमहामन्त्री शशाङ्क कोइराला, गण्डकी प्रदेशका मुख्यमन्त्री एवं पार्टीका केन्द्रीय सदस्य सुरेन्द्रराज पाण्डे, केन्द्रीय सदस्यद्वय प्रदीप पौडेल र शङ्कर भण्डारी, गण्डकी प्रदेशका पूर्वमुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेललगायतले आ-आफ्नो धारणा राखेका थिए ।

# 'व्यवस्थित र पारदर्शी तरिकाले काम गर्ने प्रयास गरिरहेका छौँ'

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले न्यायालयले व्यवस्थित र पारदर्शी तरिकाले काम गर्ने प्रयास गरिरहेको बताएका छन् । न्याय परिषद्को ३३औँ स्थापना दिवसका अवसरमा आज आयोजित कार्यक्रममा उनले संवैधानिक र कानुनी जिम्मेवारी पूरा गर्ने उद्देश्यले नै परिषद् स्थापना गरिएको उल्लेख गरे ।

"न्याय परिषद् न्यायाधीश नियुक्ति, बर्खास्ती, सरुवा र बढुवा, न्याय प्रशासन सञ्चालन गर्ने उद्देश्यले परिकल्पना गरिएको हो", प्रधानन्यायाधीश श्रेष्ठले भने, "संवैधानिक र कानुनी जिम्मेवारी पूरा गर्ने काम भइरहेको छ ।" परिषद्को कामप्रति भरोसा गर्न आग्रह गर्दै उनले आएका उजुरीको निष्पक्ष छानबिन गर्ने काम भइरहेको बताए ।

सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश ईश्वरप्रसाद खतिवडाले सुव्यवस्थित न्याय सम्पादन र जनशक्ति व्यवस्थापनका लागि परिषद्ले काम गर्दै आएको उल्लेख गर्दै नेपालको न्यायालयले जिम्मेवार तरिकाले काम गर्ने जिकिर गरे । न्यायालयमा सुधारको गुन्जायस भएको उल्लेख गर्दै उनले भने, "अन्य क्षेत्रमा भ्रष्टचार भएको होला, त्यसका छिटा यहाँ पनि परेका होलान, तर न्यायालय अनुशासनमा चलेको छ ।"

महान्यायाधिवक्ता डा दिनमणि पोखरेलले न्यायाधीश नियुक्ति प्रक्रिया, नियुक्त भएका न्यायाधीशले न्यायिक सुधारका लागि गरेका काम र संस्कारको विषयमा समीक्षा गर्नुपर्नेमा जोड दिऐ । नियुक्ति र काम गरिररहेका न्यायाधीशले न्याय प्रणालीमा प्रभावकारी तरिकाले काम गर्न सकेको वा नसकेको विषयमा अध्ययन गर्नुपर्ने जरुरी भएको उनले उल्लेख गरे ।

नेपाल बार एशोसिएशनका अध्यक्ष गोपालकृष्ण घिमिरले नेपाली जनताको न्यायको पहुँच र परिषद्को क्रियाकलापले उपभोक्तालाई न्याय मिलेको वा नमिलेको विषयमा मूल्याङ्कन गर्नुपर्नेमा जोड दिए । "फौजदारी न्याय उदार हुन सकेन भन्ने छ, आर्थिक विषयसँग सम्बन्धित मुद्दामा थुनेर कारबाही गर्ने विषयले धेरै व्यापारी हतोत्साही बन्ने गरेको प्रश्न उठको छ", उनले भने, "एउटै प्रकृतिका मुद्दामा कोही धरौटीमा छुट्ने, कोही थुनामै बस्नेजस्ता गम्भीर विषय देखिएका छन् ।"

सो अवसरमा उच्च अदालत जनकपुरका न्यायाधीश किरणकुमार पोखरेल र जिल्ला अदालत काठमाडौँका न्यायाधीश डा राजेन्द्रकुमार आचार्यलाई प्रधानन्यायाधीश श्रेष्ठले सम्मान गरे । कार्यक्रममा प्रधानन्यायाधीश श्रेष्ठले 'न्याय परिषद्' बुलेटिनसमेत सार्वजनिक गरे ।

# भूकम्पपीडितका लागि अस्थायी आवास निर्माण गर्ने

**टुडे समाचारदाता**

काठमाण्डु । जाजरकोट र रुकुम पश्चिममा गएको भूकम्पमा परी घरबास गुमाएकाहरुका लागि नेपाल तरुण दलले पनि अस्थायी आवास निर्माण गरिदिने भएको छ । यस प्रयोजनका लागि नेपाल तरुण दलको एक टोली आज जाजरकोट प्रस्थान गरेको छ ।

यसअघि त्यहाँ विभिन्न राजनीतिक दल तथा तिनका भ्रातृ सङ्गठनले पीडितका लागि अस्थायी आवास निर्माण गर्ने काम गरिररहेका छन् । सोही बमोजिम तरुण दलले पनि आवास निर्माणका तरुण अध्यक्ष विद्वान गुरुङको नेतृत्वमा ३० जना केन्द्रीय सदस्यको टोली आवश्यक निर्माण सामग्रीसहित मंगलबार काठमाडौँबाट त्यसतर्फ प्रस्थान गरेको केन्द्रीय सदस्य दीपेन्द्र पोखरेलले जानकारी दिऐ ।

उनका अनुसार उक्त टोलीले पहिलो चरणमा अर्थात् यस पटक जाजरकोटका भूकम्प पीडितका लागि कम्तिमा ६० देखि एक सयवटा आवास निर्माण गर्ने लक्ष्य लिएको छ । गएको कात्तिक १७ गते राति जाजरकोट केन्द्रविन्दु भएर ६ दशमलव ४ म्याग्निच्युडको भूकम्प गएको थियो । सो भूकम्पमा ठूलो मात्रामा मानवीय र भौतिक क्षति भएको थियो । भूकम्पका कारण भूकम्प प्रभावित क्षेत्र जाजरकोट र रुकुम पश्चिमका अधिकांश घर क्षतिग्रस्त भएका छन् ।

सरकारले अस्थायी आवास निर्माणका लागि रु ५० हजार दिने घोषणा गरेको छ तर पनि सबै पीडितका अस्थायी आवास निर्माण हुन सकेको छैन । पछिल्लो समयमा मौसमी प्रतिकूलताका कारण भूकम्पप्रभावितको जनजीवन दिन प्रतिदिन कष्टकर बन्दै गइरहेको बताइएको छ । प्रभावित त्रिपालमुनि रात बिताउन बाध्य छन्भने अहिलेको जाडोमा त्रिपालले समेत थेग्ने अवस्था नहुँदा प्रभावितले अस्थायी आवास छिटो निर्माण गर्न सरकारसँग आग्रह गरिरहेका छन् ।

# हात्ती महोत्सव पुस १० देखि

**टुडे समाचारदाता**

काठमाण्डु । पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले चितवनमा 'चितवन पर्यटन तथा हात्ती महोत्सव' आयोजना हुने भएको छ । कोभिड-१९ का कारण रोकिएको महोत्सव यही पुस १० देखि १४ गतेसम्म हुने मंगलबार यहाँ आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो ।



होटल सङ्घ नेपाल (हान) अन्तर्गतको क्षेत्रीय होटल सङ्घ नेपाल चितवनको आयोजना तथा युनाइटेड हात्ती सञ्चालन संक्षण संस्था र रेष्टुरेन्ट एन्ड बार एसोसिएसनको सह-आयोजनामा १७औँ संस्करणको महोत्सव हुन लागेको हो । यस पटकको महोत्सवमा विगतमा जस्तो हात्ती पोलो, हात्ती दौडजस्ता प्रतियोगिता भने नहुने आयोजकले जनाएको छ । हात्तीको शोषण भएको भनी पशुअधिकारकर्मीले विषय उठाएपछि यो पटक हात्तीलाई कष्ट हुने किसिमका प्रतियोगिता नहुने बताइएको हो । सङ्घका अनुसार यसपटक हात्ती सुन्दरी प्रतियोगिता, हात्तीका लागि वनभोज, स्वदेशी र विदेशी पर्यटन व्यवसायीसँग बिटुबी सहमति, सांस्कृतिक झाँकीलगायत कार्यक्रमको तालिका रहेको छ ।

पत्रकार सम्मेलनमा सङ्घका अध्यक्ष विनायक शाहले कोभिडपछि लयमा फर्किरहेको मुलुकको पर्यटनलाई थप गतिशील बनाउन महोत्सवले सहयोग पुग्ने विश्वास व्यक्त गरे । उनले अहिले ३५ लाख पर्यटकलाई सेवा दिने पूर्वाधार बनेको र पर्यटन पूर्वाधारमा खर्बौं लगानी भइसकेकाले ती पूर्वाधारबाट प्रतिफल लिनेगरी रणनीतिक प्रवर्द्धनका कार्यक्रम ल्याउन जरुरी भएको उल्लेख गरे । उनले ' वाइल्ड लाइफ' सफारीका लागि उल्लेख्य सङ्ख्यामा विदेशी पर्यटक आउने भएकाले चितवनमा हात्तीसम्बन्धी गतिविधि हुने गरेको भन्दै हात्तीको संरक्षण र अधिकारको विषयमा सजक रहेर गतिविधि सञ्चालन हुने उल्लेख गरे । उनले भने, "वाइल्ड लाइफ टुरिज्म'को मागअनुसार सेवा बढीभन्दा बढी पर्यटक आकर्षण गर्न हात्तीसम्बन्धी गतिविधि गर्दै आएको हो, हात्तीको महत्वले नै चितवनमा धेरै पर्यटक पुग्ने गरेका छन् ।"

नेपाल पर्वतारोहण सङ्घका अध्यक्ष निमानुरु शेर्पाले पर्वतीय पर्यटन प्रवर्द्धनका लागि नीतिगत सुधार जरुरी भएको उल्लेख गरे । नेपाल एसोसिएसन अफ राफ्टिङ एजेन्ट्स (नारा) का अध्यक्ष शिव अधिकारीले पर्यटन प्रवर्द्धनका लागि सरकार र निजी क्षेत्र एकताबद्ध भएर अगाडि बढ्नुपर्नेमा जोड दिऐ ।

महोत्सवबाट अन्तरराष्ट्रियस्तरमै चितवनसहित मुलुककै पर्यटन प्रवर्द्धन हुने आयोजकको विश्वास छ । विश्व सम्पदा सूचीमा सूचीकृत चितवन राष्ट्रिय निकुञ्जको माध्यमबाट पर्यटकलाई आकर्षित गराउँदै चितवनको पर्यटन क्षेत्रलाई महत्वपूर्ण गन्तव्य स्थलको रुपमा चिनारी गराउन समेत महोत्सवले टेवा पुग्ने व्यवसायीको बुझाइ छ । महोत्सव सकिएलगत्तै क्षेत्रीय होटल सङ्घले नयाँ वर्ष सन् २०२४ को पूर्वसन्ध्यामा पुस १५ गते विशेष सांस्कृतिक कार्यक्रम आयोजना गर्ने तयारी गरिरहेको क्षेत्रीय होटल सङ्घ चितवनका कोषाध्यक्ष माधव दुवाडीले जानकारी दिऐ ।

चितवन महानगरले सन् २०२४ लाई 'चितवन भ्रमण वर्ष'का रुपमा घोषणा गरिएको छ । हात्ती महोत्सवले सो भ्रमण वर्षको प्रचारप्रसारमा पनि योगदान पुर्‍याउने जनाइएको छ ।कोषाध्यक्ष दुवाडीका अनुसार सौराहा क्षेत्रमा अहिले पाँच हजार पाहुना व्यवस्थापन गर्ने होटलका शय्या छन् । महोत्सवमा दैनिक २० हजार हाराहारीको सहभागिता हुने आयोजकको अनुमान छ । महोत्सवका लागि रु एक करोड आठ लाख खर्च हुने जनाइएको छ ।

# परिणाममुखी काम गर्न मातहतका प्रमुखलाई निर्देशन

**टुडे समाचारदाता**


काठमाण्डु । उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले कुनै पनि कुतर्क नगरी परिणाममुखी काम गर्न मन्त्रालय मातहतका प्रमुखलाई निर्देशन दिएका छन् ।

मन्त्री रिजालले आज मन्त्रालयमा सचिव, सहसचिव, महानिर्देशक तथा मातहतका विभिन्न सार्वजनिक निकायका प्रमुखमाझ खरोरूपमा प्रस्तुत हुँदै यस्तो निर्देशन दिएका हुन् । आर्थिक वर्ष २०८०/८१ को मङ्सिर महिनासम्मको प्रगति समीक्षा गर्न आज मन्त्रालयमा बैठक बसेको थियो ।

देश विकास र जनताको काम गर्न कसैले पनि 'तर, पनि, यदि' जस्ता शब्द प्रयोग गरेर उम्कन नपाउने मन्त्री रिजालको भनाइ थियो । 'कानुनविपरीत जाने हैन, सबैले परिणाम दिने गरी र परिवर्तन देखिने गरी काम गर्नुहोस', मन्त्री रिजालले भने, "आफ्ना कमीकमजोरीलाई ढाकछोप नगरी इमान्दारीका साथ काम गर्नुहोस्, कुनै पनि तर्क दिएर कसैले पनि काम टाल्न नखोज्नुहोस् ।'

देशको परिस्थिति, जनअपेक्षा र सरकारको अभिभारा बुझ्न मन्त्री रिजालले सबैलाई आग्रहसमेत गरे । यो समयमा अपेक्षित काम हुन नसकेको भन्दै मन्त्री रिजालले भने, "तपाईंहरुको कामबाट म खुसी छैन, इमान्दारीका साथ परिणाममुखी काम नगर्ने हो भने नैतिकताको आधारमा बाहिरिने वातावरण बनाउनुहोस् ।" 'विश्वासका साथ सबैलाई जिम्मेवारी दिइएको छ, त्यो जिम्मेवारी पूरा गर्नुस् ।"

ऐन कानुनले ढिलासुस्ती भएको छ भने त्यो पनि भन्न आग्रह गर्दै मन्त्री रिजालले त्यस्ता ढिलासुस्ती निरुपण गर्नेतर्फ आफ्नो ध्यान जाने र अब ढिलासुस्ती स्वीकार्य नहुने स्पष्ट पारे । मन्त्रालयमा आर्थिक वर्ष २०८०/८१ को मङ्सिरसम्मको खर्चमा चालुतर्फ ३१ दशमलव शून्य दुई प्रतिशत अर्थात् एक अर्ब ५० करोड ३२ लाख, पुँजीगततर्फ ३ दशमलव शून्य छ प्रतिशत अर्थात् रु १० करोड १० लाख गरी कूल १९ दशमलव ७ एक प्रतिशत अर्थात् रु एक अर्ब ६० करोड ४२ लाख खर्च भएको छ ।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# जन्मदर्तामा समस्या

नेपालमा बालबालिकाहरुको जन्मदर्तामा गंभीर प्रकृतिको समस्या देखिएको छ। जन्मदर्ताका लागि आमा र बुबा दुबै अथवा एकजनाको अनिवार्य उपस्थिति हुनुपर्छ। जन्मदर्ताका लागि आमा र बुबा दुबै जनाको नाम भने उल्लेख गर्नैपर्ने प्रावधान छ। बालबालिकाको जन्मदर्ताका लागि आमा र बुबा दुबै नभए पनि नागरिकताको प्रमाणपत्र दुबैको चाहिन्छ। दुवै जनाको नागरिकताको प्रमाणपत्र नभए बालबालिकाको जन्मदर्ता हुँदैन् ।जन्मदर्ता सरकारले निशुल्क गर्ने व्यवस्था गरेको छ। हरेक पालिकामा पञ्जिकाधिकारीको कार्यालय राखिएको छ ।त्यहाँ बच्चाको जन्मदर्ता गरिन्छ । तर जन्मदर्ता गर्न चाहिने आवश्यक कागजात अनिवार्य रुपमा आमाबुबाले उपलब्ध गराउनु पर्छ। आवश्यक कागजात उपलब्ध नहुँदा कतिपय बालबालिकाहरु नेपालमै जन्मे, हुर्के, अध्ययन गरे पनि नागरिकता प्राप्त गर्न कठिनाइको सामना गर्नुपरिरहेको छ। नेपालमा यस्तो समस्या खास गरी बहुबिबाह गर्ने आमावुवाको कारण सृजना हुन थालेको छ ।आमा अथवा बुबाले सन्तानलाई छाडेर अर्को बिबाह गर्दा बच्चाको जन्मदर्ता गर्न कठिनाइ हुने गरेको छ। जन्मदर्ता गराउँदासम्मको उमेरमा बच्चाबारे ध्यान दिदैन् ।बच्चा ठूलो भएपछि जन्मदर्ता नभएको कारण नागरिकता,अध्ययन लगायतमा समस्या आउने गरेको छ ।बच्चा जन्मेको ३५ दिन भित्र जन्मदर्ता गर्न ३५ दिन भित्र निशुल्क व्यवस्था गरिएको छ। तर विपन्न र पिछडिएका समुदायमा बच्चाको जन्मदर्ता समयमै गराउनुपर्ने सचेतनाको अझै कमी छ। बालबालिकाहरुलाई समयमै जन्मदर्ता गराउन सचेतनाका लागि अभियानहरु पनि प्रशस्त चलेको छ। तर अझै पनि सचेतनामूलक अभियान चलाउनु पर्ने खाँचो छ। समयमै बालबालिकाको जन्मदर्ता गराउन आमाबुबा सचेत हुनुपर्छ। तर विपन्न र पिछडिएका समुदायमा बच्चाको जन्मदर्ताका लागि खासै चासो देखाइदैन्। समस्या उत्पन्न भएपछि मात्र बच्चाको जन्मदर्ता गराउन चासो लिने भएकाले समस्या देखिएको हो ।नेपालमा जन्मने हरेक बच्चाको जन्मदर्ता गराउनुपर्छ। जन्मदर्ता हरेक बच्चाको जन्मसिद्ध अधिकार हो। सचेत परिवारमा पनि यस्तो समस्या आउने गरेको छ। तर त्यो बहुविवाहका कारणले हो ।बहुबिबाह गरेका पिताले बच्चाको जन्मदर्ता गराउन स्वयं उपस्थित हुने अथवा नागरिकता उपलब्ध गराउन चाहेको देखिदैन्। उनीहरुले बच्चाको नागरिकता नबनोस् भनेरै जन्मदर्ता गराएको हुँदैन् ।बच्चालाई जन्मदर्ताको आवश्यकता परेको बेला यस्ता समस्याहरु आउने गरेका छन्। समस्या समाधानका लागि पालिका स्तरमा सचेतना कार्यक्रम गर्नु आवश्यक छ। पालिकामा सचेतनामूलक कार्यक्रमहरु चलाइए बच्चाहरुको समयमै जन्मदर्ताको काम सहज रुपमा हुन सक्छ।

# प्रचण्ड सरकारको एक वर्ष : हाँसको न बकुल्लाको चाल !

**डम्बर खतिबडा**

संसदीय लोकतन्त्रका कतिपय आफ्नै मान्यता र प्रचलन छन्। तिनैमध्ये एक हो- सरकारका कार्यकालको समीक्षा। कुनै सरकारले मधुमास भनिने १०० दिन, एक वर्ष वा समग्र कार्यकाल पूरा गर्दा त्यसको सार्वजनिक समीक्षा गरिन्छ। निश्चित मानक र मूल्य प्रणालीमा आधारित भएर सरकारका क्रियाकलापको मूल्याङ्कन गरिन्छ।

सरकारले के राम्रो गऱ्यो, के नराम्रो गऱ्यो ? सरकारको समग्र रुझान, प्रयत्न र परिणाम के रह्यो ? केलाइन्छ। सरकारका काम, रुझान र प्रयत्नले देशलाई कतातिर लैजन खोज्दैछ, त्यो अपेक्षित मार्ग हो कि हैन ? त्यो मार्गमा कुनै ठूलो दुर्घटनाको जोखिम छ कि छैन, लोकतन्त्रको गतिले निश्चित संगति, आधार र मर्यादा पक्रिदैछ कि छैन ? पूर्वानुमान र संपरीक्षण गरिन्छ।

प्रचण्ड नेतृत्वको तेस्रो, विद्यमान सरकारले एक वर्ष पूरा गर्दैछ। गत वर्ष पुस १० गते बनेको थियो यो सरकार। एक वर्षअघिका घटनाक्रम जनताको स्मृतिमा ताजै छन्, ती सजिलै विस्मृत हुने खालका छैनन्।

प्रधानमन्त्री प्रचण्डको पार्टी (माओवादी केन्द्र) तत्कालीन पाँचदलीय गठबन्धनबाट चुनाव लडेको थियो। राजनीतिक भाषामा भन्दा 'प्रि-इलेक्सन एलाइन्स' मा थियो।

तर, गठबन्धनको मुख्य दल नेपाली काँग्रेसले उनलाई प्रधानमन्त्री स्वीकार गर्न चाहेन। तुरुन्तै उनी बालुवाटारबाट दौडिँदै बालकोट पुगे। विपक्षी गठबन्धनको मुख्य दल एमालेको समर्थन लिएर प्रधानमन्त्री खाए। त्यसअघिको पाँच वर्ष एमाले र अध्यक्ष ओलीसँग राजनीतिक रोड्याइँ गरेर बिताएका प्रचण्डलाई प्रधानमन्त्री पदका लागि ओली निवास पुग्न किञ्चित लज्जाबोध भएन। संसार लजायो तर प्रचण्ड लजाएनन्।

माओवादी केन्द्रको नेतृत्वमा उनले राप्रपा, रास्वपा लगायतको सरकार बनाए तर त्यो गठबन्धन एक महिना पनि टिकेन। राष्ट्रपति निर्वाचनसम्म पुग्दा नपुग्दै उनी कांग्रेससँगकै सहकार्यमा फर्किएर अहिले १० दलीय गठबन्धनको सरकार चलाउँदैछन्। विद्यमान प्रचण्ड सरकारको यो पृष्ठभूमि बिर्सेर त्यसको मूल्याङ्कन तथा समीक्षा हुनै सक्दैन।

प्रचण्डको यस्तो क्रियाकलापको त्यतिखेरै चर्को आलोचना भएको थियो। उनको यस्तो क्रियाकलापले संसदीय लोकतन्त्रको मूल्यप्रणाली र नैतिक आधारस्तम्भलाई धरासायी मात्र बनाएको थिएन, अवसरवादको पराकाष्ठा नै प्रस्तुत गरेको थियो। प्रचण्ड अवसरवादको यस्तो भद्दा प्रस्तुतिले 'प्रि-इलेक्सन एलाइन्स' र 'पोष्ट-इलेक्सन एलायन्स' बीचको राजनीतिक भिन्नतालाई समाप्त गरिदिएको थियो। संसदीय लोकतन्त्रको मर्यादा नमीठोसँग क्षयीकृत भएको थियो।

आम नागरिक यो सरकार गठनको प्रक्रियाबाटै निराश र चिन्तित थिए। लोकतन्त्रले ठीक बाटो पक्रिएको छैन भन्ने बुझाइ सर्वत्र व्याप्त थियो। प्रचण्ड सरकारले लोकतन्त्रलाई पुऱ्याएको सबैभन्दा ठूलो नोक्सानी स्वयं यो सरकारको गठन प्रक्रिया थियो।

यद्यपि सरकारले एक वर्ष पूरा गरेको छ। प्रचण्डको पहिलो सरकार ९ महिना र दोस्रो सरकार करिब १० महिना मात्र टिकेको थियो। तेस्रो सरकारले कम्तीमा १२ महिना पूरा गर्दैछ। उनका अघिल्ला सरकारसँग तुलना गर्ने हो भने सायद यही नै उनको तेस्रो सरकारको सबैभन्दा ठूलो उपलब्धि हो।

अर्थात् यो सरकारको सबैभन्दा नकारात्मक पक्ष स्वयं सरकार गठन प्रक्रिया हो भने सबैभन्दा ठूलो उपलब्धि त्यसका बाबजुद सरकार एक वर्ष टिक्नु हो।

कुनै पनि दल वा नेताको सरकारको समीक्षा तथा मूल्याङ्कन गर्ने मुख्य दुई वटा मापदण्ड हुन्छन्– ऐतिहासिकता र समकालीन कार्यभार। 'ऐतिहासिकता' को अर्थ त्यो पार्टी वा नेता कस्तो आन्दोलन, वैचारिकी, परिवेश, प्रतिबद्धता, संकल्प र दाबी सहित राजनीतिक मैदान र सरकारमा आएको थियो, सरकारमा आएपछि त्यसलाई उनले के-कति प्रमाणित वा पुष्टि गर्न सक्यो वा सकेन भन्ने हो। आफ्नो वैचारिकी र एजेण्डाको औचित्य पुष्टि गऱ्यो कि गरेन भन्ने हो।

'समकालीनता' को अर्थ उसका विचार, सवाल र दाबी के थिए एकक्षण छोडिदिऊँ, देशको तात्कालिक कार्यभार र आवश्यतालाई उसले सम्बोधन गर्न सक्यो कि सकेन भन्ने हो। प्रचण्ड सरकारको यो एक वर्षलाई पनि यिनै दुई आधारबाट हेर्न पर्दछ।

**ऐतिहासिकता**

कांग्रेस सभापति शेरबहादुर देउवा र माधवकुमार नेपालसँग भएको २-१-२ वर्षको भागबन्डा समय पूरा गर्नु बाहेक प्रचण्ड सरकारको अर्को कुनै उद्देश्य, औचित्य वा सार्थकता छैन। भन्न सकिन्न, यो भागबन्डाको शर्त र विश्वसनीयता पनि कति दिगो छ!

नेपाली राजनीतिमा माओवादी दल र यसका मुख्य नेता प्रचण्डको उदय र अधपतनको कथा एक सामान्य संसदीय घटनाक्रम र औसत नियति-चक्रको खेल छँदै थिएन, जहाँ आएर यो खेलको त्रासद अन्त्य भएको छ।

उनको राजनीतिक जीवनको मौलिकता करिअरको तीव्र लालसा र पद प्राप्ति, 'कम्युनिस्ट' पार्टीसँगको संलग्नता र जोखिमपूर्ण सक्रियता, चिनियाँ मोडेलको नयाँ जनवादी तथा सांस्कृतिक क्रान्तिको प्रस्तावना वा वैचारिक स्वीकारोक्तिबाट स्थापित भएको थिएन। न त मार्क्सवाद-लेनिनवाद-माओवाद जस्ता शास्त्रीय साम्यवादी सिद्धान्तमा विश्वास गर्ने 'कम्युनिस्ट पार्टी' लाई संसदीय लोकतन्त्रको खेलमैदानमा सुरक्षित अवतरण गर्नु गराउनु नै उनको कुनै मौलिक योगदान थियो।

राजनीतिमा कति मान्छे लागे, कति सांसद, मन्त्री, प्रधानमन्त्री भए, त्यसको हिसाब कसले किन राख्छ ? प्रचण्ड प्रधानमन्त्री हुनु देश र जनताका लागि के महत्वको कुरा हो ? प्रधानमन्त्री त यो देशमा नगेन्द्रप्रसाद रिजाल, लोकेन्द्रबहादुर चन्द र माधवकुमार नेपाल पनि भए। 'ऐतिहासिकता' ले त्यसको हिसाब नै कति राख्ला ? महत्व नै कति देला ? के प्रचण्ड नेतृत्वको त्यति जोखिमपूर्ण आन्दोलन त्यही प्रधानमन्त्री पदमा पुग्न र केही वर्ष 'जागिर खान' का लागि मात्र थियो ?

प्रचण्ड न यो देशको पहिलो कम्युनिस्ट हुन्, न पहिलो कम्युनिस्ट प्रधानमन्त्री। देशमा प्रचण्डभन्दा धेरै अगाडिदेखि कम्युनिस्ट थिए। पुष्पलालले २००६ सालमा कम्युनिस्ट पार्टी गठन गर्नु अगाडि नै देशमा कम्युनिस्टहरू थिए। कम्युनिस्ट घोषणपत्र र नयाँ जनवादी क्रान्तिका पर्चा र पुस्तिकाहरू प्रचण्ड, उनका सहकर्मीले उल्था गरेका र नेपाली समाजमा छ्यापछ्याप्ती बनाएका हैनन्, त्यो काम पुष्पलाल पुस्ताले नै गरिसकेको थियो।

प्रचण्डभन्दा अघि नै संसदीय चुनावबाटै एमाले नेता मनमोहन अधिकारी देशको पहिलो कम्युनिस्ट प्रधानमन्त्री भइसकेका थिए। त्यसलाई 'संसदीय भास' भन्दै, एमालेलाई 'संशोधनवादी गद्दार' भन्दै प्रचण्ड नेतृत्वको सशस्त्र संघर्ष सुरु भएको थियो। संयोगको कुरा हो कि अधिकारीको जस्तै प्रचण्डको पहिलो सरकार पनि अल्पमतको थियो र ९ महिना मात्रै टिकेको थियो।

मोहनविक्रम सिंह, सीपी मैनाली जस्ता केही कम्युनिस्ट नेताले प्रचण्डभन्दा धेरै अगाडिदेखि सांस्कृतिक क्रान्तिको राजनीतिक लाइन समातेका थिए। प्रचण्ड नेतृत्वको जनयुद्ध भन्दा तीन दशक अघि उस्तै प्रकृतिको झापा विद्रोह भएको थियो।

वर्गीय राज्य, सर्वहारा वर्गको अधिनायकत्व, राज्य-समाजवादी अर्थतन्त्र र एकदलीय कम्युनिष्ट प्रणालीमा विश्वास गर्ने कम्युनिस्ट पार्टीलाई बहुदलीय संसदीय लोकतन्त्रको ढाँचा र संस्कृतिमा ढाल्नु पनि प्रचण्ड-राजनीतिको मौलिक पाटो थिएन। त्यो काम २०१९ सालमै तुलसीलाल अमात्यले 'राष्ट्रिय जनवाद' को कार्यक्रम र २०४९ सालमा मदन भण्डारीले 'जनताको बहुदलीय जनवाद' मार्फत गरिसकेका थिए।

प्रचण्डपथको भाषामा यी 'ख्रुश्चोभपन्थी संशोधनवाद' र 'युरोकम्युनिज्म' थिए। मदन भण्डारी 'संशोधनवादका पछिल्लो केन्द्र' थिए।

त्यसोभए प्रचण्डको राजनीतिको मौलिकता वा योगदान के थियो ? ऐतिहासिकताको दृष्टिकोणले उनको सरकारले पुष्टि गर्नुपर्ने दाबी वा प्रतिबद्धता के थियो ? सर्वसाधारणको भाषामा १७ हजार मान्छेको जीवन, करिब एक दशक लामो सशस्त्र युद्धका लागि राष्ट्रले चुक्ता गर्नुपरेको मूल्य प्रचण्ड नेतृत्वका तीन वटा सरकारसम्म आउँदा कहाँनेर प्रतिबिम्बित भयो ?

के साम्यवादको सिद्धान्तमा भनिए जस्तो धनी-गरिब बराबर भए ? के गरिब र उत्पीडित जनताले शोषण र विभेदबाट मुक्ति पाए ? के क्रान्तिकारी भूमिसुधार भयो ? के दलाल तथा नोकरशाही पूँजीवादको अन्त्य भयो ? के शिक्षा-स्वास्थ्य निःशुल्क भए ? के सबल राष्ट्रिय अर्थतन्त्रको निर्माण भयो ? के राजनीतिक अवसरवादको अन्त्य र मूल्यमा आधारित राजनीतिको स्थापना भयो ? के भ्रष्टाचारको अन्त्य र सुशासन कायम भयो ? के देशको अन्तर्राष्ट्रिय प्रतिष्ठा बढ्यो ? के माओवाद र प्रचण्डपथको औचित्य स्थापित भयो ?

'माओवाद' र 'प्रचण्डपथ' प्रति कुनै वैचारिक गौरवको विरासत स्थापित भयो ? आज कसैले गौरव गर्छ यी विचारमा कि स्वयं प्रचण्ड त्यसलाई परित्याग गर्ने विन्दुमा छन् ? बाबुरामले त 'माओवाद' र 'कम्युनिष्ट' दुवै छोडिसके। स्वयं प्रचण्डले 'प्रचण्डपथ' छोडिसके। एमालेसँग एकता र नेकपा (नेकपा) निर्माणको कालखण्डमा माओवाद पनि छोडेकै हुन्। त्यसो भए त्यो भीषण युद्ध, कथित महान् वैचारिकी र राष्ट्रले चुक्ता गरेको महँगो मूल्यको औचित्य के थियो ?

बितेका एक वर्षमा विद्यमान प्रचण्ड सरकार न हाँस झैं ढलकढलक ढल्किएर, शान र अभिमानले हिंड्न सकेको छ, न कुखरा झैं कुर्कुराउँदै चारो टिप्दैछ, न बकुल्ला झैं लक्ष्य बुझ्न र ढुक्न सकेको छ न बाज झैं उडान भर्न सकेको छ। यो चिप्लेकीरा झैं च्यालच्याल हुँदै जमिनमा घस्रिएको घस्रियै मात्र छ, निरुद्देश्य

यो मापदण्डबाट हेर्दा प्रचण्ड नेतृत्वको आन्दोलन एक दुःखान्त महाकाव्य र स्वयं प्रचण्डको व्यक्तित्व एक दुर्दान्त नायक जस्तो मात्रै बन्न पुग्छ। प्रचण्डको तेस्रो सरकारसम्म आइपुग्दा गणतन्त्र ल्याउन जनयुद्धले मद्दत गऱ्यो भन्नुबाहेक माओवादी आन्दोलनको कुनै सार्थकता सिद्ध भएको देखिन्न। माओवादी र त्यसका नायक प्रचण्ड सत्ता वा सरकारमा आएर केके न हुन्छ, 'नयाँ नेपाल' बन्छ, देशले एक दशकभित्रै सिंगापुर वा स्विट्जरल्याण्डको लक्ष्य हासिल गर्छ जस्ता भाष्यलाई प्रचण्ड सरकारले विल्कुलै बेतुक सिद्ध गरिदिएको छ।

**समकालीनता**

स्वयं आफैं आफ्नो 'ऐतिहासिकता' बाट पलायन भएको, वैचारिकीको विरासतप्रति आत्मगौरव गुमाएको, भरसक कसैले विगत नसम्झाइदिए हुन्थ्यो भन्ने हीनताबोधमा बाँचेको, निरन्तर कमजोर र धरासायी हुँदै गएको, प्रत्येक चुनावमा जनमत खुम्चिदै गएको दल र नेतृत्वलाई किन सम्झाउने ऐतिहासिकता ? किन मनोवैज्ञानिक पीडा दिन ?

भैगो ! यो पहिलो मापदण्डबाट प्रचण्ड नेतृत्वको तेस्रो सरकारलाई फार्से गरिदिउँ। क्षमादान वा उन्मुक्ति दिउँ। र, हेरौं दोस्रो मापदण्ड- समकालीन कार्यभारको दृष्टिकोणबाट। यतिखेर देशका समकालीन कार्यभार के हुन् त ? निःसन्देह मुख्य पाँच वटा कार्यभार छन्।

पहिलो- लोकतन्त्रलाई सघनीकरण गर्नु, सीमित र औपचारिक हुँदै गएको, दलतन्त्र, नेतातन्त्र, गुटतन्त्रमा संकुचन हुँदै गएको लोकतन्त्रलाई नयाँ आधार र जीवन दिनु। यसका लागि आवश्यक संवैधानिक तथा कानुनी सुधार गर्नु। शासकीय स्वरूप र निर्वाचन प्रणालीमा सुधार गर्नु। त्यसका लागि आम राष्ट्रिय सहमति हासिल गर्ने प्रयत्न गर्नु। राजनीतिक दल सम्बन्धी ऐन लगायतका प्रावधानमा थप लोकतान्त्रिक सुधार गर्नु।

दुई- अर्थतन्त्रको पुनर्संरचना र आर्थिक संकट हल गर्नु। निरन्तर व्यापार घाटाको सामना गर्ने आयात तथा उपभोगमुखी अर्थतन्त्रलाई उत्पादनमुखी बनाउनु। राजस्वले चालु खर्च समेत धान्न नसक्ने, ऋण लिएर वित्तीय खर्च गर्नुपर्ने हालतको बजेट संरचना परिवर्तन गर्नु। गरिबी र बेरोजगारी अन्त्यका लागि सार्थक प्रयत्न गर्नु। लगानी र उद्यमशीलतामैत्री माहोल तयार गर्नु। तीव्र आर्थिक वृद्धि र समावेशी विकासको वातावरण बनाउनु। समन्यायिक वितरण र समतामूलक समृद्धिको लक्ष्य हासिल गर्ने प्रयत्न गर्नु।

तेस्रो- सुशासनका लागि संस्थागत तथा प्रचलन र संस्कृतिगत सुधार गर्नु। कर्मचारीतन्त्रको पुनर्गठन, आर्थिक व्यवहारको पारदर्शीकरण र दण्डाधिकारी निकायको पुनर्व्यवस्था गर्नु।

चार- विभेदको अन्त्य र सामाजिक न्यायको प्रत्याभूतिका लागि ठोस कदम चाल्नु। संविधान जारी हुँदा बखतका राष्ट्रिय असन्तुष्टिलाई समेत दृष्टिगत गरी वित्तीय तथा प्रशासनिक संघीयता कायम गर्नु। यसका लागि आवश्यक संवैधानिक तथा कानुनी सुधार गर्नु।

पाँच- भूराजनीतिक सन्तुलन र अन्तर्राष्ट्रिय विश्वसनीयता कायम गर्नु। एमसीसीमा माओवादी लगायतका कम्युनिस्टहरूको दोहोरो चरित्रले देशको अन्तर्राष्ट्रिय विश्वसनीयतामा जुन हानि पुग्यो, त्यसको क्षतिपूरण कसले गर्छ ? बीआरआई सम्झौता भएको ७ वर्ष पुग्न लाग्दा किन चीनले एउटा पनि परियोजना सुरु गरेन ? किन उल्टै महँगो ब्याजदरको पोखरा विमानस्थललाई नै बीआरआई हो भन्यो ? पोखरा र भैरहवा विमानस्थलबाट अन्तर्राष्ट्रिय व्यावसायिक उडान कुन भूराजनीतिक कारणले हुन नसकेका हुन् ? त्यसको समाधान के हो ? भारतसँगको सीमा विवादमा किन कुनै प्रगति छैन ?

यी पाँच मापदण्डबाट हेर्दा प्रचण्ड सरकार विल्कुल अर्थहीन र असफल देखिन्छ। यी पाँचवटै मुख्य राष्ट्रिय कार्यभार पूरा गर्न एक वर्षभित्र यो सरकारले कुनै प्रयत्न गरेको छैन। तसर्थ भन्न सकिन्छ- बितेका एक वर्षमा विद्यमान प्रचण्ड सरकार न हाँस झैं ढलकढलक ढल्किएर, शान र अभिमानले हिंड्न सकेको छ, न कुखरा झैं कुर्कुराउँदै चारो टिप्दैछ, न बकुल्लाझैं लक्ष्य बुझ्न र ढुक्न सकेको न बाजझैं उडान भर्न सकेको छ। यो चिप्लेकीरा झैं च्यालच्याल हुँदै जमिनमा घस्रिएको घस्रियै मात्र छ, निरुद्देश्य।

कांग्रेस सभापति शेरबहादुर देउवा र माधवकुमार नेपालसँग भएको २-१-२ वर्षको भागबन्डा समय पूरा गर्नु बाहेक प्रचण्ड सरकारको अर्को कुनै उद्देश्य, औचित्य वा सार्थकता छैन। भन्न सकिन्न, यो भागबन्डाको शर्त र विश्वसनीयता पनि कति दिगो छ!

दुईचार सय किलोमिटर सडक, पुल र कल्भर्ट निर्माण, राष्ट्रिय गौरवका आयोजनाको सुस्त प्रगति, एकाध विदेश भ्रमण, भारतसँग भएको विद्युत् व्यापार सम्झौता, केही ठूला भ्रष्टाचार काण्डको अधुरो र अविश्वसनीय छानबिन र संसदीय गणितको जटिलताबीच समीकरण टिकाइरहनुलाई नै सरकारका सफलता वा उपलब्धि मान्ने हो भने भन्नु केही छैन। यस्ता झिनामसिना र मात्रात्मक उपलब्धि त नियमित प्रशासनिक प्रयासबाट कोही सरकारमै नभए पनि आफैं हुन्छन्, राजनीतिक नेतृत्व नै किन चाहियो ?

# सङ्कल्प यात्राले सिञ्चन गरेको आशा

**प्रकाश सिलवाल**

करिब ५० लाख जनतालाई प्रत्यक्ष यातायात सुविधा पुऱ्याउने लक्ष्यका साथ रेखाङ्कन भएको मध्यपहाडी (पुष्पलाल) राजमार्गमा 'समृद्धिका लागि सङ्कल्प यात्रा' को उत्साह बोकेर नेकपा (एमाले) का नेताहरु काठमाडौँ फर्कन थालेका छन्।

'सम्बन्ध स्थानीय, सन्देश राष्ट्रिय'को मर्म एवं भावनाअनुरूप उक्त अभियानका क्रममा जनसभा, जनभेला तथा भेटघाटहरू, कलेज तथा विद्यालयका विद्यार्थीहरूसँग छलफल, किसानहरूसँग अन्तर्क्रिया, कृषि वैज्ञानिकहरूसँग संवाद, विकास कार्यहरूको अवलोकन र नमूना काम गरिरहेका उद्यमीहरूसँग भेटघाट, ऐतिहासिक, धार्मिक र सांस्कृतिक स्थलहरूको अवलोकन, जनताका अनुभूति, गुनासा र सुझावहरूको सङ्कलन गरिएको छ। नेपाली समाजलाई एकताको डोरीमा बाँधेर देशमा समृद्धि कायम गर्ने प्रयासमा यो एक उदाहरणीय राजनीतिक अभियान सावित भएको छ।

महाभारत श्रृङ्खलाभन्दा माथि मध्यपहाडका २६ जिल्ला तथा दुई सय १५ बस्तीहरूलाई जोड्ने गरी बनाइएको सो राजमार्गबाट हुने सुविधाका कारण उक्त क्षेत्रको आर्थिक-सामाजिक विकासमा प्रगति हुनाका साथै सो क्षेत्रबाट हुने बसाईंसराईं निरूत्साहित भई भौगोलिक तथा वातावरणीय सन्तुलन कायम हुने अपेक्षा गरिएको छ। यस राजमार्गको रेखाङ्नभित्र पर्ने विभिन्न जिल्लामा नेपाल सरकारका १० वटा आधुनिक शहरहरू विकास गर्ने लक्ष्यसमेत रहेको हुँदा सो क्षेत्रमा आर्थिक गतिविधिमा वृद्धि भई रोजगारीका थप अवसरहरू सिर्जना हुने र सर्वसाधरण जनताको जीवनस्तरमा उल्लेख्य सुधार आउने अपेक्षा नेपाल सरकारले गरेको छ।

यस राजमार्ग आसपास रहेका विभिन्न पर्यटकीय स्थलहरू समेत यातायात पूर्वाधारको अभावमा यथेष्ट प्रचार प्रसार एवं विकास हुन नसकेको परिप्रेक्षमा राजमार्गको निर्माणसँगै आन्तरिक तथा बाह्य पर्यटकको आवागमनमा वृद्धि भई अर्थतन्त्र थप चलायमान हुनेछ। राजमार्ग निर्माण सम्पन्न भएपछि विद्यमान आर्थिक सामाजिक सूचकमा उल्लेख्य रूपमा परिवर्तन हुने सङ्केत देखिएको हुँदा यो राजमार्ग एउटा रूपान्तकारी योजना हुनसक्ने अपेक्षाका साथ नेपाल सरकारले आब २०६९/७० देखि यो आयोजनालाई 'राष्ट्रिय गौरवको आयोजना' घोषणा गरी उच्च प्राथमिकतामा राखेको छ।

मध्यपहाडी क्षेत्रमा विकास र समृद्धिको आधारशीला तय गर्न मध्यपहाडी (पुष्पलाल) लोकमार्गकेन्द्रित एमालेको सङ्कल्प यात्रा नागरिक र कार्यकर्ताको उत्साहजनक सहभागिताको कारण यात्रा ठीक समयमा गरिएको ठीक निर्णय प्रमाणित भएको विश्लेषण एमालेको शीर्ष नेतृत्वले गरेको छ। एमालेका अध्यक्ष एवं पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीको नेतृत्वमा गत मङ्सिर १४ गते राष्ट्रिय झन्डा झन्डोत्तोलन गरी बैतडीको झुलाघाटबाट सुरू भएको यात्रा यही पुस १ गते पाँचथरको चिओभञ्ज्याङ्गमा पुगेर समापन भएको थियो।

छिमेकी भारतसँग जोडिएका पश्चिम र पूर्वका यी सीमानासम्म छिचोल्न राजमार्गमा पर्ने २६ जिल्लामा एमालेले लगातार अभियानात्मक यात्रा गरेको थियो। यात्राबाट मध्यपहाडको विशेषता, परिचय, समस्या र सम्भावना बुझ्न नेताहरु मौका मिलेको थियो भने स्थानीयबासीलाई आफ्ना समस्या र अपेक्षा राख्ने अवसर जुरेको थियो।

> छिमेकी भारतसँग जोडिएका पश्चिम र पूर्वका यी सीमानासम्म छिचोल्न राजमार्गमा पर्ने २६ जिल्लामा एमालेले लगातार अभियानात्मक यात्रा गरेको थियो । यात्राबाट मध्यपहाडको विशेषता, परिचय, समस्या र सम्भावना बुझ्न नेताहरु मौका मिलेको थियो भने स्थानीयबासीलाई आफ्ना समस्या र अपेक्षा राख्ने अवसर जुरेको थियो ।

पहाडी क्षेत्रको पूर्वमा पाँचथरको चियोभञ्ज्याङ्ग (नेपाल-भारत सिमाना) देखि पश्चिममा बैतडीको झुलाघाट (महाकाली नदी) सम्म पुग्ने गरी करीब एक हजार आठ सय ७९ किलोमिटर लम्बाईको वैकल्पिक राजमार्ग निर्माण गर्ने उद्देश्यका साथ नेपाल सरकारको आन्तरिक श्रोतबाटै सम्पूर्ण खर्च व्यहोर्ने गरी आव २०६४/६५ देखि मध्यपहाडी राजमार्ग आयोजना सञ्चालन गरिरहेको छ।

आयोजना सम्पन्न भई सम्पूर्ण सडक खण्डहरू कालोपत्रे स्तरमा पुगेपछि र प्रस्तावित सबै पुलहरूको निर्माण कार्य सम्पन्न भई सकेपछि मध्यपहाडी क्षेत्र हुँदै पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म नै निर्वाध रूपमा यातायात सञ्चालनमा आउने छ। त्यसपछि यो सडक नेपालको सडक यातायात क्षेत्रमा मेरूदण्डका रूपमा स्थापित भई विकासका सबै सम्भावनाहरूको ढोका खोल्न कोसेढुङ्गा सावित हुने विश्वास लिइएको छ।

पाँचथरबाट पश्चिमको बैतडीसम्म जाँदा बीचमा पर्ने मध्यपहाडी जिल्लाहरूलाई जोडी वैकल्पिक लोकमार्ग निर्माण गर्ने लक्ष्यका साथ थालनी भएको यो लोकमार्ग आयोजनाले मध्य पहाडी भूभागलाई यातायात सञ्जालमा जोडी आर्थिक, सामाजिक, पर्यटकीय, सांस्कृतिक, शैक्षिकलगायत समग्र क्षेत्रको सन्तुलित विकास गरी गरिबी न्यूनीकरणमा सहयोग गर्ने लक्ष्य लिएको छ। यस्तै विकासको प्रतिफल भौगोलिक एवम् सामाजिक आधारमा न्यायोचित वितरण हुने गरी सडक सञ्जाल विस्तार गर्ने, नेपालको पूर्वदेखि पश्चिमका मध्यपहाडी क्षेत्रका बस्ती, सहर, भूभागलाई सडकको पहुँचमा पुऱ्याउने र सुगम स्थानमा रहेको सडक यातायात दबाबलाई मध्यपहाडी भागमा समेत सारी यातायात सेवालाई सन्तुलित बनाउने लक्ष्य आयोजनाको रहेको छ।

आयोजनाको उक्त लक्ष्यलाई कसरी सफल तुल्याउन सकिन्छ भन्ने सवालमा एक प्रकारको नागरिक अभिमत बुझ्न सञ्चालित एमालेको सङ्कल्प यात्राको समापन कार्यक्रममा अध्यक्ष ओलीले सङ्कल्प यात्राले राजनीतिप्रति जनतामा फैलँदै गएको निराशालाई आशामा परिणत गरेको बताउनुभएको थियो। "सङ्कल्प यात्राले अवाञ्छित चिन्तन र विचारलाई हतोत्साहित गरेको छ, देश र जनताको हितलाई सर्वोपरि ठान्ने आमजनताको मनोबल उच्च बनाएको छ" अध्यक्ष ओलीको भनाइ थियो।

यस्तै यात्राका क्रममा भोजपुरमा पुगेका समयमा पत्रकारहरुसँग कुरा गर्दै एमालेका महासचिव शङ्कर पोखरेलले भन्नुभएको थियो, "नेपाली जनताले सङ्घर्ष गरेर पराजित गरेको राजतन्त्रलाई समेत ब्युँझाउने, देशमा अराजकता मच्चाउने, सामाजिक सद्भाव भड्काउने खालका गतिविधि शुरू भएको बेला एमालेले सञ्चालन गरेको अभियानले सबै शक्तिलाई परास्त गरेको छ। लोकतन्त्र नै जनतालाई सर्वशक्तिमान बनाउने माध्यम हो भन्ने यसले पुनः पुष्टि गरेको छ, त्यस अर्थमा यसले मुलुकको विकास र समृद्धिको आधार तयार गरेको छ।" यात्राको क्रममा अध्यक्ष ओलीप्रति बालबालिकादेखि बृद्ध-बृद्धासम्मले उच्च सम्मान व्यक्त गरेको तथा क्रममा जनताको माया, सल्लाह र सुझाव ग्रहण गर्ने अवसर मिलेको भनाइ महासचिव पोखरेलको छ।

एमालेको केन्द्रीय टोलीमा एमाले अध्यक्ष ओलीका साथ वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्षहरू युवराज ज्ञवाली, अष्टलक्ष्मी शाक्य, रामबहादुर थापा, विष्णुप्रसाद पौडेल, सुरेन्द्र पाण्डे, महासचिव शङ्कर पोखरेल, उपमहासचिवहरू प्रदीपकुमार ज्ञवाली, पृथ्वीसुब्बा गुरूङ, विष्णु रिमाललगायत सहभागी हुनुहुन्थ्यो। यस राजमार्गमा कोशी प्रदेशमा चिओभञ्ज्याङ्ग, च्याङ्गथापु, ओयाम, थर्पु, गणेशचोक, गोपेटार, जोरसाल, तमोर नदी, सक्रान्ती बजार, म्याङ्गलुङ्ग, बसन्तपुर, हिले, लेगुवाघाट, भोजपुर, दिक्तेल, हलेसी, हिलेपानी, टोक्सेलघाट र घुर्मी, बागमती प्रदेशमा घुर्मी, खुर्कोट, राकाथुम, चौरीखोला, दोलालघाट, बाहुनेपाटी, पाति भञ्ज्याङ्ग-सानो कात्तिके, छहरे, त्रिशूली, सल्यानटार र गोरखा सिमाना आरूघाट, गण्डकी प्रदेशमा आरूघाट, पालुङ्गटार, भोर्लेटार, भगवतीटार, भैसे, पोखरा, बागलुङ्ग, बुर्तिवाङ्ग, वाग्लुङ्ग र रूकुम सिमाना पर्दछ। यस्तै लुम्बिनी प्रदेशमा रूकुम सिमाना, लुकुमगाउँ र रूकुमकोट, कर्णाली प्रदेशमा मुसिकोट, चौरझारी, जगातीपुर, बेस्ताडा, दैलेख, दुल्लु, जम्बुकाँध, सातला, साइजिउला र बेलखेत तथा सुदूरपश्चिम प्रदेशमा बेलखेत, बिनायक, साफेबगर, सिलगढी, डडेलधुरा, पाटन, सतबाँझ र झुलाघाट मुख्य स्थान पर्दछन्।

यति धेरै स्थानमा मुलुकको एक प्रमुख पार्टीको दैनिक राजनीतिक क्रियालापले नयाँ उत्साह पैदा भएको एमालेका केन्द्रीय प्रचार विभाग प्रमुख राजेन्द्र गौतमको विश्लेषण छ। नेकपा पार्टी स्थापनाको ७५ औं वर्ष समारोहमा संस्थापक महासचिव पुष्पलालको स्मृतिमा निर्मित लोकमार्ग केन्द्रित अभियानबाट इतिहास र अग्रजहरूको सम्मान, राष्ट्र सबल र समृद्ध बन्छ भन्ने आत्मविश्वासमा अभिवृद्धि, जनसम्बन्ध विस्तार र जनगुनासो एवं जनताका सुझाव सङ्कलन र स्थानीय सम्बन्ध तथा राष्ट्रिय सन्देश मिलेको उहाँको भनाइ छ।

नेता गौतमले अभियानबाट पहाडबाट भइरहेको तीव्र बसाइँसराइँका कारणहरूको पहिचान र समाधानको खोजी, सामाजिक सद्भाव र राष्ट्रिय एकताको प्रबर्द्धनमा सहयोग, मध्यपहाडको आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक अवस्था तथा उद्योग, पर्यटन लगायतको सम्भावना बुझ्न सहयोग मिलेको पनि बताउनुभयो। कोशी प्रदेशको नामकरणमा असन्तुष्ट पहिचान पक्षधरले कोशी प्रदेशका जिल्लाका कार्यक्रममा अवरोध गर्ने धम्की दिए पनि एमालेका यात्रा शान्तिपूर्णरुपमा सम्पन्न भएको छ।

एमालेका पोलिटब्युरो सदस्य मनकुमारी जिसी (केसी) का विचारमा एकैपटक र एकैस्वरमा गरिएको सङ्कल्प यात्राले विकास निर्माणका लागि स्थानीयस्तरमा सकारात्मक सन्देश गएको छ। "ठाउँठाउँमा स्थानीय सर्वदलीय प्रतिनिधिमण्डलले एमालेका नेतृत्वलाई विकास निर्माणका लागि ज्ञापनपत्र दिइएको छ। नेतृत्वप्रतिको यो विश्वास र भरोसा जनताको घरघर र मनमनमा पुग्ने अवसर मिलेको अनुभव भएको छ", बाग्लुङका पूर्व सांसद जिसीले भन्नुभयो।

एमालेको बागमती प्रदेशका पूर्व अध्यक्ष केशवराज पाण्डेले पहाडी क्षेत्रका जनताको भविष्य उक्त लोकमार्गले परिवर्तन गर्न सक्छ भन्ने बलियो सन्देश यात्राले दिएको बताउँदै समय समयमा सीमित नेताको पहुँचका भरमा लोकमार्गको रेखाङ्कन फेरबदल गरेर लम्ब्याउने काम गरिनु उचित नभएको प्रतिक्रिया पनि जनतस्तरमा पाइएको जनाउनुभयो। बागमती प्रदेश सरकारका पूर्व आन्तरिक मामिला मन्त्रीसमेत रहनुभएका पाण्डेले अब उत्तर-दक्षिण जोड्ने राजमार्ग बनेमा मध्यपहाडीबासीलाई शहरी क्षेत्रसँगको यातायाता पहुँचमा सहजता हुने स्थानीय अपेक्षा रहेको सुनाउनुभयो। मध्यपहाडी क्षेत्रमा बसाईंसराईं रोक्न उक्त क्षेत्रमा राज्यबाट दिइने सेवा सुविधामा कुनै कमी हुन नहुने पनि स्थानीयबासीको अपेक्षा रहेको छ।

# प्रदेशवासीलाई बीमाको पहुँचमा पुर्‍याउँछौं : मुख्यमन्त्री कार्की



**टुडे समाचारदाता**

विराटनगर । कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले बीमाको पहुँचमा सबै प्रदेशवासीलाई पुर्‍याइने बताएका छन् । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा नेपाल बीमा प्राधिकरणद्वारा मंगलबार आयोजित कार्यक्रममा उनले प्रदेशवासीलाई शिक्षा, स्वास्थ्य, विपद्‌लगायत क्षेत्रमा सहज र सुलभ सेवा उपलब्ध गराउन प्रदेशवासीमा बीमाको पहुँच पुर्‍याइने जानकारी दिए ।

"अहिले आगलागीका घटना नै धेरै भइरहेको अवस्थामा निर्देशिकाअनुसार सरकारले राहतस्वरूप अधिकतम ५० हजार उपलब्धगराउँदैआएकोछ"मुख्यमन्त्री कार्कीले भने, "तर त्यो प्रयाप्त छैन्, हामीले त्यसलाई बीमासँग जोड्न सक्यौं भने पीडितलाई थप राहत महसुस हुन्छ ।"

उद्योग, कृषि तथा सहकारी मन्त्रालयका सचिव डा लेखराज दाहालले बाख्रा र बङ्गुरको बीमामा भुक्तानीका लागि बीमा कम्पनीमा निकै झण्झटिलो अवस्था सिर्जना भएकामा बीमा प्राधिकरणको ध्यानाकर्षण गराउनुभयो । भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव रमेशकुमार सिंहले सडकलगायत भौतिक संरचना निर्माणमा हालसम्म बीमामा गरेको लगानी बालुवामा पानी हालेसरह भएकामा यसमा सुधार गर्न सुझाव दिए ।

नेपालको वित्तीय क्षेत्र सुधार रणनीतिअन्तर्गत गाउँगाउँसम्म बीमाको पहुँच पुर्‍याउन तीनै तहको सरकारसम्म पुग्ने प्रयास भइरहेको बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले उल्लेख गरे । उनले बीमा गरिएका बाख्रा र बङ्गुर मरेपछि किसानले अत्यधिक मूल्य माग गर्ने गरेकाले चुनौती थपिएको बताए ।

अध्यक्ष सिलवालले सरकारी तथा निजी सम्पत्तिको बीमासम्बन्धी उच्चस्तरीय अध्ययन कार्यदल गठन भएको र यसले दिएको प्रतिवेदनको आधारमा काम अघिबढाउने प्राधिकरणको तयारी रहेको जानकारी दिए । नेपालमा जीवन बीमा कम्पनी १४, निर्जीवन बीमा कम्पनी १४, पुनः बीमा कम्पनी दुई र लघुबीमा कम्पनी सात गरी कूल बीमा कम्पनीको सङ्ख्या ३७ छ ।

# छानबिन समितिबाट दूरसञ्चार प्राधिकरणको अधिकारमा असर पर्दैन

**प्रतिनिधिसभा राज्य व्यवस्था तथा सुशासन समितिको मंगलबारको बैठकमा एनसेलको शेयर खरिदबिक्रीसम्बन्धी छलफलमा सांसदले राखेका प्रश्नको जवाफ दिँदै नियामक निकायका सल्लाह, सुझाव र समन्वयमा नै समिति गठन गरिएको प्रधानमन्त्रीले जानकारी दिए ।**

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले निजी क्षेत्रको दूरसञ्चार सेवा प्रदायक कम्पनी एनसेलको शेयर खरिदबिक्री सम्बन्धमा छानबिन गर्न गठित समितिको अध्ययनबाट नियामक दूरसञ्चार प्राधिकरणको कामकारबाहीमा कुनै असर नपर्ने प्रस्ट पारेका छन् ।

प्रतिनिधिसभा राज्य व्यवस्था तथा सुशासन समितिको मंगलबारको बैठकमा एनसेलको शेयर खरिदबिक्रीसम्बन्धी छलफलमा सांसदले राखेका प्रश्नको जवाफ दिँदै नियामक निकायका सल्लाह, सुझाव र समन्वयमा नै समिति गठन गरिएको प्रधानमन्त्रीले जानकारी दिए । उनले पर्याप्त छलफल, बहस र साझा निष्कर्षका आधारमा समिति बनाइएको पनि जानकारी दिए । प्रधानमन्त्री दाहालले समितिको कामकारबाहीबाट नियामकको नियमनकारी अधिकारमा कुनै हस्तक्षेप र असर नपार्ने उल्लेख गर्दै नियामकले आफ्नो भूमिका पूरा गर्ने विश्वास व्यक्त गरे ।

प्रधानमन्त्री दाहालले छानबिन समितिका संयोजकका सम्बन्धमा अनावश्यक टीकाटिप्पणी नगर्नसमेत आग्रह गरे । शेयर खरिदबिक्री सम्बन्धी स्वीकृति दिने नियामक निकाय हुँदाहुँदै किन छानबिन समिति गठन गरिएको हो भन्ने सांसदको जिज्ञाशामा उनले यस प्रकरणमा राजस्व छली र सरकारमा स्वामित्व हस्तान्तरण हुने सम्बन्धमा छानबिन र अनुसन्धान गर्न



समिति गठन गरिएको प्रस्ट्याए ।

प्रधानमन्त्री दाहालले भने, "नियामक निकायले नियमन गर्ने सम्बन्धमा छुट्टै कानुनी व्यवस्था छ, सो अनुसार नेपाल दूरसञ्चार प्राधिकरणले प्रचलित कानुनबमोजिम भए/नभएको सम्बन्धमा नियमन र कारबाही गर्ने नै छ, यसो गर्न प्राधिकरणलाई कुनै रोकटोक गर्ने मनसाय राखिएको छैन ।"उनले यो प्रक्रियामा राजस्व छली, नेपाल सरकारमा स्वामित्व हस्तान्तरणको सम्बन्धमा कानुनी व्यवस्थाको उल्लङ्घन भएको हो कि भन्ने आम चासो रहेको र यसबाट नेपालको समग्र दूरसञ्चार क्षेत्रको विकास र वैदेशिक लगानीमा पर्ने प्रभावका बारेमा छुट्टै अध्ययन गर्नुपर्ने आवश्यकता महसुस भएकाले समिति बनाइएको प्रस्ट गरे ।

राष्ट्र र जनताको हितविपरीत हुन खोजेको चलखेल रोक्न सरकार दृढ रहेको उनको भनाइ थियो । एनसेलको शेयर किनबेचका सम्बन्धमा आफूले पनि सार्वजनिक सञ्चारमाध्यमबाट थाहा पाएको दोहोर्‍याउँदै प्रधानमन्त्री दाहालले दूरसञ्चारसम्बन्धी कानुनमा व्यवस्था भएबमोजिम शेयर खरिदबिक्री प्रक्रियामा एनसेल नआएकाले आफूले आधिकारिक रुपमा थाहा नपाएको उनले बताए ।

"जुन दिन थाहा पाइयो, त्यहाँ गडबड भएको छ भन्ने भएपछि तुरुन्तै प्रक्रियामा गइयो", प्रधानमन्त्री दाहालले भने । अघिल्लो पटक पनि एनसेलको करसम्बन्धी प्रकरणमा आफूले तत्कालीन सार्वजनिक लेखा समितिमा सो कम्पनीले कुनै पनि हालतमा नेपालमा कर तिर्नुपर्छ भनेर अडान लिएको स्मरण गर्दै उनले भने, "त्यस समय पनि एनसेलले कर तिर्नुपर्छ भनेर मैले नै लडेको हुँ ।"

पछिल्लो प्रकरणसम्म आइपुग्दा जालझेलपूर्ण रुमपा एनसेलको शेयर खरिदबिक्री गरेर कर छल्ने तथा स्वामित्व हस्तान्तरण नगर्ने नियत स्पष्ट देखिएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले सबै मिलेर राष्ट्र र जनताको पक्षमा दृढतापूर्वक लड्नुपर्ने बताए । "रु एक सय ४३ अर्बको कम्पनीलाई रु छ अर्बमा बिक्री गर्ने निर्णय पारदर्शी र प्राकृतिक छैन, यसलाई हरहालतमा नेपाल सरकरको स्वामित्वमा ल्याउन सबैले सामूहिक पलह गर्नुपर्छ", उनले भने । सांसदको सुझावले सरकारलाई एनसेलको शेयर खरिदबिक्री सम्बन्धमा दृढतापूर्वक अघि बढ्न सहयोग मिलेको उनको भनाइ छ ।

समिति सदस्य राजेन्द्र पाण्डेले राज्य संयन्त्रलाई विश्वास गरेर सरकार अघि बढ्नुपर्नेमा जोड दिँदै यससम्बन्धमा दूरसञ्चार प्राधिकरणलाई छानबिन गरेर कारबाही गर्ने जिम्मेवारी दिइनुपर्ने बताए । सांसद रघुजी पन्तले प्राधिकरणले प्रभावकारी ढङ्गले काम गरे छानबिन समिति आवश्यक नपर्ने धारणा व्यक्त गरे । उनले छानबिन समिति भङ्ग गर्न सरकारलाई सुझावसमेत दिए ।

सांसद रवि लामिछानेले राज्यका प्रणालीलाई बलियो बनाउन सबैको ध्यान जानुपर्नेमा जोड दिँदै दूरसञ्चार प्राधिकरणले गर्न सक्ने काम हुँदाहुँदै किन छानबिन समिति बनाइयो भनेर प्रश्न गरे । सांसद बलराम अधिकारीले दूरसञ्चारसम्बन्धी ऐनको बर्खिलाप हुने गरी एनसेलको शेयर खरिदबिक्री गरिएकाले तत्काल कारबाही गर्नुपर्ने माग गरे ।

# सदनको एकवर्षे उपलब्धिबाट सन्तुष्ट हुन सकिएन : सांसद बैरागी

**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा (एमाले)का नेता दामोदर पौडेल 'बैरागी'ले शक्ति पृथकीकरणको सिद्धान्तविपरीत सरकारले कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका सबैको काम आफूले गर्न खोजेको आरोप लगाएका छन् ।

उनले भने, "कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको आ-आफ्नैखाले जिम्मेवारी रहन्छन् । ती निकायबीच शक्ति सन्तुलन हुनुपर्छ, चौथो अङ्गका रूपमा सञ्चार जगत्लाई हेरिन्छ । तर सरकारले सबै क्षेत्रको काम मै गर्छु भनेझैँ गरी अघि बढेको देखिन्छ ।"न्याय क्षेत्रमा हस्तक्षेप गर्ने र राष्ट्रपतिलाई विवादमा ल्याउने काम वर्तमान सरकारले गरेको आरोप लगाउँदै नेता बैरागीले सरकारका गतिविधि र सदनको एक वर्षको उपलब्धिबाट आफू सन्तुष्ट नभएको प्रतिक्रिया दिए ।

उनले न्यायालयको फैसलाको भावनाविरुद्ध जघन्य अपराधमा संलग्न कैदीको रिहाइलगायत कतिपय विषय र घटनामा कार्यपालिकाले 'ओभरटेक' गरेको आफूलाई अनुभूति भएको प्रतिक्रिया दिए ।

कास्की क्षेत्र नं ३ बाट प्रतिनिधिसभामा प्रतिनिधित्व गर्नुहुने बैरागी नेपाली कम्युनिष्ट आन्दोलनमा विद्यार्थीकालदेखि नै सक्रिय र पार्टीको तल्लो तहबाटै राजनीतिमा सक्रिय भएका हुन् । विसं २०२३ मा कास्की सल्ल्यान गाउँमा जन्मीएका उनी २०३९ मा नेकपा (माले)मार्फत कम्युनिष्ट पार्टीमा आबद्ध भएका हुन् । उनीं २०४५ देखि २०५५ सम्म नेपाल ट्रेड युनियन महासङ्घमा संलग्न भए । विसं २०५५ देखि २०७६ सम्म नेकपा (एमाले)मा पूर्णकालीन सदस्य बैरागीले विसं २०७० देखि कास्की जिल्ला कमिटी सचिवको जिम्मेवारी सम्हालेका हुन् ।



> संविधानले राष्ट्रिय अखण्डता, गणतन्त्र, समावेशिता, संघीयता, बहुदलीयता, बहुलवादी खुला समाजको कुरा गरेको उल्लेख गर्दै नेता बैरागीले अहिले सडक र सदनमा देखिएका संविधानविरोधी गतिविधिलाई सरकारले बेवास्ता गरेको आरोप लगाए । समावेशितामाथि हस्तक्षेप गर्न खोजिएको बताउँदै उनले भने, "राष्ट्रपति र उपराष्ट्रपतिको चुनावका बेला उठेको आवाजलाई गम्भीरताका साथ सम्बोधन हुनुपर्थ्यो, त्यो किन भएन ।"

प्रतिनिधिसभा सदस्यको जिम्मेवारी बैरागीका लागि नयाँ अनुभव हो । संसद्को एकवर्षे कार्यकालयमा सामान्य एक-दुईवटा मात्र विधेयक पारित भएको जनाउँदै उनले नयाँ विधेयक नआएको र संशोधनका लागि आएका विधेयक पनि पारित नभएका बताए । विधेयक ल्याउनुपूर्व सरकारले सरोकारवालासँग पर्याप्त छलफल गर्न आवश्यक रहेको बताउँदै सांसद बैरागीले सरोकारवालासँग आवश्यक छलफल र बहस गरी ल्याएको विधेयकलाई समृद्ध तुल्याउन सकेमात्र गुणस्तरीय कानुन निर्माण हुने विश्वास व्यक्त गरे ।

"पुरानो कानुन संशोधन गर्न सकिन्छ कि अथवा नयाँ कानुन नै जरुरी हो भन्नेबारेमा पनि पर्याप्त छलफल हुनुपर्ने देखिन्छ, तर यसरी बहस र विचारविमर्श गरेको भने देखिँदैन", उनले भने । सङ्घीय संसद्मा सचिवालयमा दर्ता भई परिपक्व भएपछि सदनमा टेबल हुने विधेयक सैद्धान्तिक छलफलपछि विषयगत समितिमा पठाइने र त्यहाँ सशोधन र दफावार छलफलको प्रक्रियाका आधारमा अघि बढ्ने प्रक्रियागत जानकारी सांसद पौडेलले दिए ।

संविधानले राष्ट्रिय अखण्डता, गणतन्त्र, समावेशिता, सङ्घीयता, बहुदलीयता, बहुलवादी खुला समाजको कुरा गरेको उल्लेख गर्दै नेता बैरागीले अहिले सडक र सदनमा देखिएका संविधानविरोधी गतिविधिलाई सरकारले बेवास्ता गरेको आरोप लगाए । समावेशितामाथि हस्तक्षेप गर्न खोजिएको बताउँदै उनले भने, "राष्ट्रपति र उपराष्ट्रपतिको चुनावका बेला उठेको आवाजलाई गम्भीरताका साथ सम्बोधन हुनुपर्थ्यो, त्यो किन भएन ।"

कानुन कार्यान्वयन कानुनसम्मत नियमन गर्ने विषयमा सरकार गम्भीर नदेखिएको बताउँदै उनले टिकटक बन्द गर्नुअघि सूचना र सञ्चार क्षेत्रलाई नियमन गर्ने कानुन बनाउनपर्नेमा सरकारले त्यसमा कमजोरी गरेको आरोप लगाए । सरकारले केही नेपाल ऐन संशोधन गर्ने नाममा भूमि, जलस्रोत, गृहलगायत विषय संशोधन गर्दै आएको बताउँदै नेता बैरागीले यस्ता महत्त्वपूर्ण विषयमा कानुन निर्माण गोलमटोल ढङ्गबाट गरिनुहुन्न भन्ने आफ्नो मान्यता रहेको विचार प्रकट गरे ।

संसद्मा विधेयक विचाराधीन भएका अवस्थामा एउटा दफासँग जोडेर केही नेपाल ऐन भनेर ल्याएर पारित गर्नेजस्ता गतिविधि बढेको बताउँदै उनले सरकारले लामो समयसम्म सशस्त्र द्वन्द्वका पीडितलाई सङ्क्रमणकालीन न्याय दिन नखोजेको आरोप लगाए । नेता बैरागीले भने, "यतिका वर्ष बित्यो, संविधान पनि कार्यान्वयन भएर हामी दोस्रो कार्यकालमा आएका छौँ तर सङ्क्रमणकालीन न्याय दिने कुरा आजसम्म भएको छैन । द्वन्द्वमा परेका मानिसका एक पुस्ता मरेर गइसके । बीस वर्षभनेको थोरै समय होइन, एक पुस्ताले आशै मारिसक्यो न्याय पाउँछौं भनेर ।"

जनताले सुशासनको अनुभूति गर्न नसक्दा निराश बनेको बताउँदै सांसद बैरागीले सुशासनको अनुभूति नहुँदा युवा जनशक्ति पलायन भएको जनाए । उनले उनीहरूलाई स्वदेशमै बस्ने किसिमको वातावरण तयार गर्ने गरी लाग्न जरुरी भएको सुझाव दिए ।

नेता बैरागीका अनुसार दक्ष जनशक्ति, युवा र विद्यार्थी देशबाट पलायन हुने खतरा बढेको छ । त्यसलाई रोक्नका लागि सरकारले सुशासनसँगै उनीहरूलाई यहीँ बस्ने वातावरण तयार गर्नुपर्छ । प्राविधिक जनशक्ति तयार भएमा यहीँ उनीहरूको श्रम र सीपको उपयोग हुन्छ । त्यसका लागि प्राविधिक क्याम्पसहरू सञ्चालनमा ल्याउनुपर्छ ।

आफ्नो निर्वाचन क्षेत्र प्रकृति र संस्कृतिले सम्पन्न भएको बताउँदै उनले तीनको संरक्षण र उपयोगमार्फत समृद्धि हासिल गर्न सकिने धेरै सम्भावना रहेका बताए । सांसद बैरागी भन्नुहुन्छ, "पर्यटकीयरूपमा अन्नपूर्ण, माछापुच्छ्रे, मर्दी, तातोपानी, सेती गण्डकी, फेवाताल, विन्ध्यवासिनी, नारायणस्थान, बाराही, शान्तिस्तुप, महादेव मन्दिर, पञ्चासे, कास्कीकोट, सराङकोट, उल्लेरी, विरेठाटी, मेश्रम बराहजस्ता धेरै पर्यटकीयस्थल यही छन् ।"

पुष्पलाल मध्यपहाडी लोकमार्ग पनि त्यहीबाट गएकाले धेरै सम्भावना रहेता पनि कतै कानुनको अभाव त कतै सरकारको कमजोरीका कारण उपयोग हुनसकेको उनको बुझाइ छ । आफूसम्बद्ध पार्टी नेतृत्वको सरकारले राजनीतिक स्थायित्व र समृद्धि तथा सङ्क्रमणकालीन न्यायमार्फत जनताका आकाङ्क्षालाई सम्बोधन गर्ने ध्येयका साथ अघि बढेको दाबी उनले गरे । उनले भने, "मध्यपहाडी लोकमार्गमा समृद्धिका लागि सङ्कल्प यात्रामार्फत 'सम्बन्ध स्थानीय, सन्देश राष्ट्रिय' भन्ने नाराका साथ सञ्चालन भएको जनताका समस्याबारे जानकारी लिने अभियान सफल भएको छ ।"

# देशको अर्थतन्त्र सुधारोन्मुख अवस्थामा छ : मन्त्री डा महत

**टुडे समाचारदाता**

मनहरी । अर्थमन्त्री एंव नेपाली कांग्रेसका प्रवक्ता डा प्रकाशशरण महतले देशको अर्थतन्त्र सुधारोन्मुख अवस्थामा रहेको बताएका छन् । हेटौंडामा नेपाली कांग्रेस मकवानपुरको प्रथम जिल्ला सम्मेलनमा उनले ब्याजदर घट्दो क्रममा रहेकाले निर्धक्कपूर्वक लगानी गर्न आग्रह गरे ।

मन्त्री महतले अहिले धेरै आर्थिक सहजता हुनका साथै राष्ट्र बैंकले ब्याजदर घटाएको, शेयर मार्केट र जग्गाको कारोबारसमेत बढेको, पर्यटक आगमन बढ्नुका साथै विप्रेषणमा वृद्धि भइरहेको बताए । कर नतिर्नेलाई करको दायरामा ल्याउने निर्णयसँगै बैंक र बीमा कम्पनीले तिर्न थालिसकेको उनको भनाइ थियो । सरकारले लिने कर्जालाई अब उत्पादन र परिणाममुखी क्षेत्रमा लगानी गर्ने मन्त्री महतले बताए । जलविद्युत्, प्रविधिमैत्री कृषि, पर्यटन र सडक निर्माणमा लगानीमा जोड दिने उनले उल्लेख गरे ।

"देशको अर्थतन्त्र सुधार हुँदैछ, मौद्रित नीति ल्याएर सहज वातावरण सिर्जना गरेका छौँ", मन्त्री महतले भने- "सहज अवस्थामा धेरै ऋण प्रवाह भयो । तर जुन बेला कोभिड-१९ ले आर्थिक गतिविधि गर्न नसक्ने अवस्था थियो, ऋण जति शेयर मार्केट र जग्गामा लगानी गर्ने काम भयो, त्यसको प्रभावले अहिले समस्या उत्पन्न भएको हो ।"

मन्त्री डा महतले दत्तचित्त भएर एकताका साथ पार्टीमा लाग्न कांग्रेस कार्यकर्तालाई आग्रह गरे । आगामी निर्वाचनमा पार्टीले उठाएका उम्मेदवारलाई जिताउन सबै लागे कांग्रेसले बहुमत ल्याउने उल्लेख गर्दै उनले एकताभाव, सद्भाव र एकीकृत भएर लाग्नुपर्ने जोड दिए । सहकार्य र सहमतिका बीच सत्ता गठबन्धन गरेको उनको भनाइ थियो ।

कार्यक्रममा कांग्रेस केन्द्रीय सदस्य मदनबहादुर अमात्य, बागमती प्रदेश सभापति इन्द्रबहादुर बानियाँ, नेता गुरुराज घिमिरे, पार्टीका चितवन सभापति राजेश्वर खनाल, ललितपुर सभापति जीतेन्द्र श्रेष्ठ, मकवानपुर सभापति बुद्ध लामालगायतले आ-आफ्नो धारणा राखेका थिए ।


## प्रभु बैंक लिमिटेड शाखा कार्यालय मिल्स एरिया जेकेआर, जनकपुर
## तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता भुक्तान गर्ने, धितोमा रहेको अचल सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०९/०४ गते बुधबारको जनकपुर टुडे राष्ट्रिय दैनिक)

यस बैंक( साविक सेञ्चुरी कमर्सियल बैंक लि.) बाट तपसिलमा उल्लेखित ऋणीले लिनुभएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्त भईसक्दा र सो ऋण चुक्ता गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा तथा मिति २०८०/०६/२४ गते बुधबारको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहको सम्पतिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम विक्री गर्ने ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम सो सूचना बमोजिम कर्जा चुक्ता नभएको र धितो बापतको सम्पत्ती लिलाम विक्री हुन नसकेकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपशिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा बित्तिय संस्था सम्बन्धि ऐन २०७३ ले दिएको अधिकार प्रयोग गरी गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैकको शाखाकार्यालय, हात्तीगौडा काठमाण्डौ वा बैंकको शाखा कार्यालय मिल्स एरिया जेकेआर, जनकपुरमा । दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात मिति २०८०/०९/१९ गते विहिबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय मिल्स एरिया जेकेआर, जनकपुरमा दिनको ठीक ३:०० (एक) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । पुनश्चः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवाब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**ऋणी तथा जमानतकर्ताको विवरण :** **तपसिल**

**ऋणी** : नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग घरेलु तथा साना उद्योग कार्यालय जनकपुरधाम, धनुषामा, प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम मिति २०७७/१०/१५ मा प्रा.फ.र.नं. १६९११/१७०१/०७७/०७८ मा दर्ता कायम भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय जनकपुर धनुषाबाट मिति २०७७/१०/१६ मा करदाताको नाम विमला देवी यादव, कारोवारको नाम **श्री विमला किराना पसल** भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाण पत्र नं. ६१४९९२९४२ को प्रमाणपत्र प्राप्त **श्री विमला किराना पसल ।**
**रजिष्ट्रड ठेगाना :** धनुषा जिल्ला, क्षिरेश्वरनाथ नगरपालिका, वडा नं. ५ सिन्धुली टोल ।

**प्रोप्राइटर/जमानतकर्ता : विमला देवी यादव**
(ना.प्र.नं. १८३०७३/६९९, जारी मिति २०६३/१०/०६, जारी गर्ने कार्यालय जि.प्र.का: महोतरी) ।
ठेगाना: महोत्तरी जिल्ला, किसान नगर गा.वि.स.वडा नं.०४
(हाल बर्दिवास न.पा.वडा नं.०७) ।
पति: विजय कुमार यादव । बाबु/ससुरा : राम चन्द्र यादव/धर्मनाथ यादव ।

**जमानतकर्ता : जितेन्द्र यादव**
(ना.प्र.नं.१८-०५-७५-०००१९, जारी मिति २०७५/०१/०४, जारी गर्ने कार्यालय जि.प्र.का: महोतरी) ।
ठेगाना : महोत्तरी जिल्ला, बर्दिवास न.पा., वडा नं. ७ ।
बाबु : विजय कुमार यादव ।
बाजे : धर्मनाथ यादव ।

**जमानतकर्ता : दिपेन्द्र यादव**
(ना.प्र.नं.१८-०५-७५-०००१८, जारी मिति २०७५/०१/०४, जारी गर्ने कार्यालय जि.प्र.का: महोतरी) ।
ठेगाना : महोत्तरी जिल्ला, बर्दिवास न.पा., वडा नं. ७ ।
बाबु : विजय कुमार यादव ।
बाजे : धर्मनाथ यादव ।

**लिलाम विक्री हुने धितो सम्पत्तिको विवरण :**
१. विमला देवी यादवको नाममा मालपोत कार्यालय, जनकपुर, धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला हरिहरपुर गा.वि.स. वडा नं. १, सिट नं. १ग स्थित कि.नं. ५१२१ को क्षेत्रफल ०-०-१०-० (बिघा) जग्गा तथा उक्त जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पुर्ण लिगलगापत समेत सम्पुर्ण....१
२. ऋणी **श्री विमला किराना पसल**को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण........................................१

**पुनश्च :**
१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय मिल्स एरिया जेकेआर, जनकपुरबाट समेत प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय मिल्स एरिया जेकेआर, जनकपुरमा सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK
**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. ०१-५७१५०००**

# ग्रामिण विकास लघुवित्त वित्तीय संस्था लि.

## ऋण कर्जा चुक्ता गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यस ग्रामिण विकास लघुवित्त वित्तीय संस्था लि. बाट तपसिलमा उल्लेखित चल-अचल सम्पत्ति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस लघुवित वित्तीय संस्थासंगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्न बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लघन गर्नु भएकोले एवं पटक-पटक मौखिक तथा लिखित रुपमा तारताकेता गर्दा समेत सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले यो ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस लघुवित वित्तीय संस्थाको सम्बन्धित कार्यालयमा सम्पर्क गरी यस संस्थाबाट लिएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानुन तथा यस लघुवित वित्तीय संस्थासंग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति समेत लिलाम बिक्री गर वा अन्य कुनै व्यवस्था गरी लघुवित्त वित्तीय संस्थाको आफ्नो लेना रकम असुल उपर गरिनेछ। उक्त ऋण कर्जा चुक्ता गराउने जिम्मेवारी जमानीकर्ताको समेत रहेकोले कर्जा चुक्ता गराउन पहल गर्नु हुन यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै उक्त चल अचल सम्पत्ती लिलाम बिक्रीबाट समेत लघुवित्त वित्तीय संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ यस लघुवित्त वित्तीय संस्थासंग गरेको लिखत तथा प्रचलित कानुन बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तीबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सुचित गरिन्छ।

| क्र.स. | कार्यालयको नाम, ठेगाना | ऋणीको विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नाम | लिग | ना.प्र.प.न. | जारी मिति र जिल्ला | स्थायी ठेगाना | हालको ठेगाना | पतिको नाम | पिताको नाम | ससूराको नाम |
| १ | शा.का. लहान | ललिता कुमारी चौधरी | महिला | २३७५ | सप्तरी | जि. सिरहा गाविस ढोढना ०८ | जि.सि. लहान न.पा. वार्ड नं. १५ विरनगर | छेदी लाल चौधरी | लक्ष्मी नारायण चौधरी | हरि लाल चौधरी |
| २ | शा.का. चन्द्रनिगाहपुर | रामजी चौधरी थारु | पुरुष | ६२६१ | २०३४।१२।३०/ रौतहट | सन्तपुर(म) ८ | चन्द्रपुर न.पा. ८ | | रविलाल चौधरी | दामोदर चौधरी थारु |
| ३ | शा.का. चन्द्रनिगाहपुर | कुमारी स्नेहा देबी | महिला | ७१५ | २०६०।०८।१२/ रौतहट | विश्रामपुर ४ | बृन्दावन न.पा. ३ | संजय प्रसाद पटेल | सुरेन्द्र सिंह | रामईश्वर राउत कुर्मी |
| ४ | शा.का. चन्द्रनिगाहपुर | ललक नारायण चौधरी | पुरुष | १४६८ | २०५४।०७।२४/ रौतहट | जुडिबेला ७ | चन्द्रपुर न.पा. २ | | नथुनी चौधरी | फिरंगी चौधरी |
| ५ | शा.का. हरिवन | नथुनी दास | पुरुष | १९३०८९/५८ | २०६३।१२।२६ सर्लाही | हरिवन ०७, सर्लाही | हरिवन न.पा. ०५, सर्लाही | | गोनु दास | |
| ६ | शा.का. हरिवन | केदार नाथ उप्रेती | पुरुष | ३६४१०४१५ | २०६५।०६।३० सर्लाही | हरिवन ०४, सर्लाही | हरिवन न.पा. ०९, सर्लाही | | डिल्ली प्रसाद उप्रेती | |
| ७ | शा.का. हरिवन | फिरोजा खातुन | महिला | ३६४११०६६२ | २०५१।१०।२३ सर्लाही | हरिवन ११, सर्लाही | हरिवन न.पा. ११, सर्लाही | आस महमद | शेष मन्सुर | शेष हाफिज |
| ८ | शा.का. हरिवन | विरेन्द्र दास कथवनिया | पुरुष | ३५६९३२६१ | २०४५।०१।२९, सर्लाही | हरिवन ११, सर्लाही | हरिवन न.पा. ११, सर्लाही | | मेथुर दास कथवनिया | |
| ९ | शा.का. हरिवन | सुकन महतो सुडी | पुरुष | १९३०८८/११० | २०६३।१२।२१, सर्लाही | घुरकौली ७, सर्लाही | हरिवन न.पा. ०५, सर्लाही | | वुधन महतो सुडी | |
| १० | शा.का. हरिवन | जित वहादुर दमाई | पुरुष | ५४९८००४२ | ०५३।०३।०६ सर्लाही | ढुंग्रेखोला ४, सर्लाही | वाग्मती न.पा. ०१, सर्लाही | | वीर वहादुर | |
| ११ | शा.का. हरिवन | उमेश प्रसाद दाहाल | पुरुष | ८३६५०२३० | २०५७।०१।२२ सर्लाही | सासापुर ३, सर्लाही | हरिवन न.पा. ११, सर्लाही | | सूर्य प्रसाद दाहाल | |
| १२ | शा.का. हरिवन | सोमनी देवी | महिला | १९-०१-७५-०१९६१ | २०६३।१०।१४ सर्लाही | पिपरिया १, सर्लाही | लालवन्दी न.पा. २, सर्लाही | राम वली पासवान | जोगेन्द्र पासवान | जगदेव पासवान |
| १३ | शा.का. हरिवन | सुशिला कुमारी राई सुनुवार | महिला | ३६४१०३३३ | २०५६।५।३ | घुरकौली ३, सर्लाही | हरिवन न.पा. ०५, सर्लाही | | ईन्द्र वहादुर सुनुवार | |
| १४ | शा.का. हरिवन | ढुण्डी राज मैनाली | पुरुष | ३६४१६८५३ | २०४३।०३।०४ सर्लाही | हरिवन ०९, सर्लाही | हरिवन न.पा. ११, सर्लाही | | तेज प्रसाद मैनाली | |
| १५ | शा.का. हरिवन | राजदेवी वनिया | महिला | ३३१०५५/८८०० | २०६५।०६।०१ | क.न.पा. ११, वारा | हरिवन न.पा. ११, सर्लाही | रामजी दास वनिया | भगत दास वनिया | अर्जुन दास वनिया |
| १६ | शा.का. हरिवन | श्याम बाबु महतो | पुरुष | १९२०८८/९६८ | २०६९।०५।२०, सर्लाही | घुरकौली ७, सर्लाही | हरिवन न.पा. ०५, सर्लाही | | कप्लेश्वर महतो | |
| १७ | शा.का. तारापटी | विणा देवी यादव | महिला | ८८९६९६८५ | २०६१।०२।२६, धनुषा | सपही ८ | लक्ष्मिनिया गा.पा. ५ | सोगारथ यादव | तपेश्वर यादव | राजदेव यादव |
| १८ | शा.का. तारापटी | रंगीता देवी सिंह | महिला | १७१०५८।४३९ | २०६६।२।१९, धनुषा | हंसपुर कठपुल्ला २ | हंसपुर न.पा. ४ | रमेश सिंह | बृजनन्दन सिंह | विशेश्वर सिंह |
| १९ | शा.का. तारापटी | उमेश कुमार मंडल | पुरुष | ६२६१३२५६ | २०६३।६।२५, धनुषा | मिथिलेश्वर निकास ८ | मिथिला विहारी न.पा.४ | | रामएकवाल मंडल | |
| २० | शा.का. तारापटी | रेखा देवी | महिला | ४६७२०९३ | २०४४।१२।३०, धनुषा | बघचौडा ९ | हंसपुर न.पा. ४ | नरेश प्रसाद यादव | अजोधि यादव | रामअशिष यादव |
| २१ | शा.का. तारापटी | प्रमोद कुमार यादव | पुरुष | ६२६१२९२९ | २०५४।७।२४, धनुषा | मिथिलेश्वर निकास ४ | मिथिला विहारी न.पा.२ | | बिल्टु यादव | |
| २२ | शा.का. तारापटी | बन्दना कर्ण | महिला | ६४३०११७३ | २०५५।९।२६, महोत्तरी | नैन्ही ७ | मिथिला विहारी न.पा.४ | राजकुमार मंडल | सुर्यनारायणलाल सुमन | तपेश्वर मंडल धानुक |
| २३ | शा.का. कंचनपुर | ब्रहमलाल मंडल | पुरुष | ४४१८२४५२ | २०४५/१/१५ सप्तरी | कंचनपूर ३ | कंचनरुप ८ | ० | बोकाई मंडल | ० |
| २४ | शा.का. कंचनपुर | गलिया देवी बातर | महिला | ८५१२७०७ | २०४५/२/१७ सप्तरी | खोजपुर ९ | खडक ५ | सोनेलाल सरदार | जितु सरदार | देबीलाल सरदार बातर |
| २५ | शा.का. कंचनपुर | बच्चुलाल सरदार | पुरुष | ७३८७०६०६ | २०६८/४/१० सप्तरी | पुर्वपिपरा ४ | कंचनरुप ५ | ० | सुभकलाल सरदार | ० |
| २६ | शा.का. राजविराज | कोशिल्या यादव | महिला | १६२१३२४० | ०४४/१२/१७ सप्तरी | राजविराज ९ | राजविराज १२ | दिनेश यादव | नेगरु यादव | नारायण यादव |
| २७ | शा.का. राजविराज | शिवनन्दन यादव | पुरुष | ४७३ | ०५१/१०/१० सप्तरी | विष्णुपुर ६ | विष्णुपुर ६ | - | गुढकुन यादव | मुसहरु यादव |
| २८ | शा.का. राजविराज | सुरेन्द्र यादव | पुरुष | १६१००१/९९ | ०६३/१२/२९ सप्तरी | राजविराज १० | राजविराज १० | - | फुलचन यादव | रवि यादव |
| २९ | शा.का. राजविराज | तारणी प्रसाद यादव | पुरुष | १६२१२९८८ | ०४०/०४/३१ सप्तरी | विशहरिया १ | राजविराज १२ | - | रुन्दी लाल यादव | भुलर यादव |
| ३० | शा.का. राजविराज | कमानन्द राय | पुरुष | ४९७२३५०३ | ०५२/०८/०४ सप्तरी | बरहिबिरपुर ४ | छिन्नमसता १ | - | बासुदेव प्रसाद राय | लालजी राय |
| ३१ | शा.का. राजविराज | होमेन्द्र कुमार राय | पुरुष | ४३४४/२५०२ | ०५८/०१/१६ सप्तरी | बरहिबिरपुर ४ | छिन्नमसता १ | - | बद्रि नारायण । राय | सत्यदेव राय |
| ३२ | शा.का. राजविराज | आनन्दबती देवी मण्डल | महिला | १६०३७/४० | ०६३/१०/०३ सप्तरी | को.मधेपुरा ४ | राजविराज १४ | योगानन्द मण्डल | बालगोविन्द मण्डल | रामप्रसाद मण्डल |
| ३३ | शा.का. राजविराज | आनन्दी चौधरी | पुरुष | ४९७२११६५ | ०४४/१२/३० सप्तरी | कोचाबखारी १ | छिन्नमसता ५ | घोघन चौधरी | मोतीलाल | |
| ३४ | शा.का. राजविराज | गोसाई सुतिहार | पुरुष | ४९७२०७७५ | ०४४/१२/१२ सप्तरी | कोचाबखारी ५ | छिन्नमसता ५ | | पंची सुतिहार | झिलाई सुतिहार |
| ३५ | शा.का. राजविराज | कर्पुरा देवी | महिला | ४९७२०६२७ | ०४४/१२/२६ सप्तरी | कोचाबखारी ३ | छिन्नमसता ५ | सहदेव ठाकुर | | सोन्मानी ठाकुर |
| ३६ | शा.का. राजविराज | सुर्यबती यादवनी | महिला | १८३३०२५७ | ०३६/११/२८ सप्तरी | बरहिबिरपुर ५ | छिन्नमसता १ | डमर यादव | | |
| ३७ | शा.का. राजविराज | बिशाई देवी झा | महिला | ८०९५०७५९ | ०४५/०१/०१ सप्तरी | छिन्नमसता १ | छिन्नमसता ३ | श्रीनारायण झा | | रामजी झा |
| ३८ | शा.का. राजविराज | रामसुनैर देवी मघैया धानुक | महिला | १६२१०५२ | ०३६/१०/२९ सप्तरी | बिशहरिया १ | राजविराज १२ | सुर्य नारायण मण्डल | | धनपत मण्डल |
| ३९ | शा.का. राजविराज | बिना कुमारी यादव | महिला | ३१५२६ | ०६२/०४/२७ सप्तरी | लालापट्टी २ | राजविराज ६ | शिवनन्दन यादव | लाल मोहरी यादव | सत्य नारायण । यादव |
| ४० | शा.का. राजविराज | बिरेन्द्र प्रसाद यादव | पुरुष | ४२०५ | ०५३/०९/१६ सप्तरी | झुटकी ५ | राजविराज ६ | | अमिरी यादव | दर्पी यादव |
| ४१ | शा.का. राजविराज | विध्यानन्द राय | पुरुष | ४४३०६०२ | ०४६/१०/२६ सप्तरी | बरहिबिरपुर ४ | छिन्नमसता १ | | बासुदेव प्रसाद राय | लालजी राय |
| ४२ | शा.का. राजविराज | दुर्गानन्द कायस्थ | पुरुष | ७९०३३२२० | ०३५/०९/३० सप्तरी | रायपुर १ | रुपनी ३ | | देवनन्दन कायस्थ | नेबालाल |
| ४३ | शा.का. राजविराज | कुसमा देवी यादव | महिला | ७२०२०१६६ | ०३९/११/२६६ सप्तरी | देउरिभरुवा १ | राजविराज १५ | हियालाल यादव | बौवालाल यादव | अवधी यादव |
| ४४ | शा.का. राजविराज | बासुदेव मण्डल | पुरुष | १६२१३३३५ | ०४४/१२/१६ सप्तरी | बिशहरिया १ | राजविराज १२ | धनपत मण्डल | | चौधरी मण्डल |
| ४५ | शा.का. राजविराज | घुरन सदा | पुरुष | ३५७७ | ०४६/०२/२७ सप्तरी | कोचाबखरी २ | छिन्नमसता ५ | | कैलु सदा | नेरु सदा |
| ४६ | शा.का. राजविराज | लक्ष्मी देवी सदा | महिला | १६३०५४ | ०६३/१०/१७ सप्तरी | कोचाबखरी २ | छिन्नमसता ५ | सत्यनारायण सदा | रबि सदा | भादा सदा |

| क्र.स. | कार्यालयको नाम, ठेगाना | व्यक्तिगत जमानीकर्ता विवर० | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नाम | सिंग | ना.प्र.प.न. | जारी मिति र जिल्ला | स्थायी ठेगाना | हालको ठेगाना | पतिको नाम | पिताको नाम | ससूराको नाम |
| १ | शा.का. लहान | छेदी लाल चौधरी | पुरुष | ३८१ | २०५७/११/०२ | जि. सिरहा गाविस ढोढना ०८ | जि. सिरहा लहान नगरपालिका वार्ड नं. १५ ढोढना | ० | हरि लाल चौधरी | ० |
| २ | शा.का. चन्द्रनिगाहपुर | सुरेन्द्र चौधरी थारु | पुरुष | २१०४ | २०५९।०३।०३/ रौतहट | सन्तपुर(म) ८ | चन्द्रपुर न.पा. ८ | ० | रामजी चौधरी थारु | रविलाल चौधरी |
| ३ | शा.का. चन्द्रनिगाहपुर | रामईश्वर राउत कुर्मी | पुरुष | ९४४२/३५६ | २०३५।०३।२०/ रौतहट | विश्रामपुर ४ | बृन्दावन न.पा. ३ | ० | अनत राउत | लखन राउत |
| ४ | शा.का. चन्द्रनिगाहपुर | रिखी चौधरी | महिला | ११३६ | २०६०।०९।०३/ रौतहट | जुडिबेला ७ | चन्द्रपुर न.पा. २ | ललक नारायण चौधरी | महन्थ माझी थारु | नथुनी चौधरी |
| ५ | शा.का. हरिवन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ६ | शा.का. हरिवन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ७ | शा.का. हरिवन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ८ | शा.का. हरिवन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ९ | शा.का. हरिवन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १० | शा.का. हरिवन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ११ | शा.का. हरिवन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १२ | शा.का. हरिवन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १३ | शा.का. हरिवन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १४ | शा.का. हरिवन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १५ | शा.का. हरिवन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १६ | शा.का. हरिवन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १७ | शा.का. तारापटी | सोगारथ यादव | पुरुष | ८२९५२५१९ | २०५१।०५।२६, धनुषा | सपही ४ | लक्ष्मिनिया गा.पा. | | राजदेव यादव | |
| १८ | शा.का. तारापटी | विशेश्वर सिंह | पुरुष | ३५४८०२६३ | २०४७।१२।२, धनुषा | हंसपुर कठपुल्ला ५ | हंसपुर न.पा. ४ | | जटेश्वर सिंह | |
| १९ | शा.का. तारापटी | सुधा देवी मंडल धानुक | महिला | १७७२ | २०६३।४।२९ ,धनुषा | मिथिलेश्वर निकास ८ | मिथिला विहारी न.पा.४ | रामएकवाल मंडल | नकछेदी मंडल | जगदेव मंडल |
| २० | शा.का. तारापटी | नरेश प्रसाद यादव | पुरुष | ४६७१७१३ | २०३९।८।१४ ,धनुषा | बघचौडा ९ | हंसपुर न.पा. ४ | ० | रामअशिष यादव | |
| २१ | शा.का. तारापटी | प्रमोद कुमार यादव | पुरुष | ६२६१२९२९ | २०५४।७।२४, धनुषा | मिथिलेश्वर निकास ४ | मिथिला विहारी न.पा.२ | ० | बिल्टु यादव | |
| २२ | शा.का. तारापटी | शुभाषचन्द्र मंडल | पुरुष | १७१०५५।१० | २०६४।२।२२ ,धनुषा | मिथिलेश्वर निकास ९ | मिथिला विहारी न.पा.४ | ० | रामेश्वर मंडल | |
| २३ | शा.का. कंचनपुर | गंगा सागर मंडल | पुरुष | ४४१८१२३९ | २०५३।४।१७ सप्तरी | कंचनपुर ३ | कंचनरुप ८ | ० | ब्रम्हलाल मंडल | |
| २४ | शा.का. कंचनपुर | सोनेलाल सरदार बातर | पुरुष | २७०६ | २०४३।१०।४ सप्तरी | खोजपुर ९ | खडक ५ | | देवलाल सरदार | जितु सरदार |
| २५ | शा.का. कंचनपुर | आशा देवी सरदार्नी | महिला | ७३८७०६०६ | २०४४।१२।२३ सप्तरी | पुर्वपिपरा ४ | कंचनरुप ५ | बच्चुलाल सरदार | दुर्गानान्द सरदार | सुभकलाल सरदार |
| २६ | शा.का. राजविराज | दिनेश यादव | पुरुष | १६५८ | ०४४/०३/१८ सप्तरी | | | | | |
| २७ | शा.का. राजविराज | शिवनन्दन यादव | पुरुष | | | | | | | |
| २८ | शा.का. राजविराज | सुरेन्द्र यादव | पुरुष | | | | | | | |
| २९ | शा.का. राजविराज | तारणी प्रसाद यादव | पुरुष | | | | | | | |
| ३० | शा.का. राजविराज | कमानन्द राय | पुरुष | | | | | | | |
| ३१ | शा.का. राजविराज | होमेन्द्र कुमार राय | पुरुष | | | | | | | |
| ३२ | शा.का. राजविराज | आनन्दबती देवी मण्डल | महिला | | | | | | | |
| ३३ | शा.का. राजविराज | आनन्दी चौधरी | पुरुष | | | | | | | |
| ३४ | शा.का. राजविराज | गोसाई सुतिहार | पुरुष | | | | | | | |
| ३५ | शा.का. राजविराज | कर्पुरा देवी | महिला | | | | | | | |
| ३६ | शा.का. राजविराज | सुर्यबती यादवनी | महिला | | | | | | | |
| ३७ | शा.का. राजविराज | बिशाई देवी झा | महिला | | | | | | | |
| ३८ | शा.का. राजविराज | रामसुनैर देवी मण्डल | महिला | | | | | | | |
| ३९ | शा.का. राजविराज | बिना कुमारी यादव | महिला | | | | | | | |
| ४० | शा.का. राजविराज | बिरेन्द्र प्रसाद यादव | पुरुष | | | | | | | |
| ४१ | शा.का. राजविराज | बिन्दुल देवी राय | महिला | २१६१/ ०४६/०३/०१ सप्तरी | | | | | | |
| ४२ | शा.का. राजविराज | दुर्गानन्द कायस्थ | पुरुष | | | | | | | |
| ४३ | शा.का. राजविराज | कुसमा देवी यादव | महिला | | | | | | | |
| ४४ | शा.का. राजविराज | बासुदेव मण्डल | पुरुष | | | | | | | |
| ४५ | शा.का. राजविराज | घुरन सदा | पुरुष | | | | | | | |
| ४६ | शा.का. राजविराज | लक्ष्मी देवी सदा | महिला | | | | | | | |

(बाँकी पृष्ठ ७ मा)

# आयोजनाको सुरुङ खन्ने कार्य अन्तिम चरणमा




**टुडे समाचारदाता**

काठमाण्डु । तनहुँको ऋषिङ गाउँपालिका-१ झापुटारमा निर्माणाधीन एक सय ४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको निर्माण कार्य भइरहेको छ। आयोजनाको मुख्य सुरुङ खन्ने कार्य अन्तिम चरणमा पुगेको छ। अब दुई सय दस मिटर सुरुङ खन्न बाँकी रहेको आयोजना प्रमुख राजभाइ शिल्पकारले जानकारी दिए।

आयोजनाको मुख्य सुरुङतर्फ कूल एक हजार चार सय ५६ मिटर खन्नुपर्नेमा हालसम्म एक हजार दुई सय ४६ मिटर खन्ने कार्य सम्पन्न भएको छ। सुरुङ खन्ने र ड्याम निर्माणका लागि दायाँबायाँ जग खन्ने कार्यलाई तीव्रता दिइएको उनले बताए। दसैं, तिहारलगायत चाडपर्वको समयमा पनि आयोजनाको निर्माण कार्यलाई निरन्तरता दिइएकाले समग्रमा भौतिक प्रगति ४८ प्रतिशत पुगेको आयोजनाले जनाएको छ।

आयोजनाको हालसम्म ४२ प्रतिशत आर्थिक प्रगति भएको छ। प्रत्येक महिनामा एक प्रतिशत कार्य प्रगति हुने गरेको आयोजना प्रमुख शिल्पकारले जानकारी दिए। तीनवटा प्याकेजमा गरी दैनिक एक हजार पाँच सयको हाराहारीमा जनशक्ति परिचालन गरी आयोजनाको निर्माण कार्यलाई निरन्तरता दिइएको हो।

**ट्रान्समिटरको कार्य पुनः सुरू**

तनहुँ जलविद्युत् आयोजनाको प्याकेज-३ अन्तर्गत ट्रान्समिटरको कार्य रोकिएको करिब छ महिनापछि पुन ः सुरु गरिएको छ। वनको नीतिगत समस्याका कारण रोकिएको निर्माण कार्य पुनः सञ्चालन भएको तनहुँ जलविद्युत् आयोजनाले जनाएको छ।

प्याकेज-३ अन्तर्गत दमौलीबाट चितवनको भरतपुरसम्म दुई सय २० केभीको डबल सर्किट प्रसारण लाइन निर्माण गरिनेछ। उक्त कार्यका लागि केइसी इन्टरनेसनल लिमिटेड, भारतसँग विसं २०७५ पुस १० गते भएको खरिद सम्झौता गरी विसं २०७५ फागुन १० बाट कार्यान्वयनमा आएको थियो। उक्त आयोजनामा पर्ने ३४ दशमलव सात किमी प्रसारण लाइनमा ९४ वटा टावरमध्ये ७० टावरको जग हालिएको छभने ३४ टावर खडा गरिसकिएको छ।

कम्पनीको पूँजी संरचना तथा वित्तीय व्यवस्थापन आयोजनाको कूल लागत (प्रसारण लाइन, ग्रामीण विद्युतीकरण तथा निर्माण अवधिको ब्याजसमेत) ५० करोड ५० लाख अमेरिकी डलर रहेको छ। सो रकममध्ये एशियाली विकास बैंकले १५ करोड, जापान अन्तरराष्ट्रिय सहयोग नियोग (जाइका)ले १८ करोड ४० लाख, युरोपियन लगानी बैङ्कले आठ करोड ५० लाख र नेपाल सरकार/नेपाल विद्युत् प्राधिकरणले आठ करोड ६० लाख डलर बेहोर्ने गरी वित्तीय व्यवस्थापन गरिएको आयोजनाले जनाएको छ।

# आयोजनाको काममा गति दिन मन्त्री बस्नेतको निर्देशन

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रिय गौरवको सूचीमा रहेको भए पनि भेरी बबई आयोजनाको कार्यप्रगति प्रभावकारी नभएको पाइएपछि ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले मंगलबार आयोजनाका पदाधिकारी र निर्माण व्यवसायीलाई तत्काल कामलाई गति दिन निर्देशन दिएका छन् ।

"आयोजनाको काममा ढिलाइ गर्ने छुट कोही कसैलाई पनि छैन " मन्त्री बस्नेतले भने । सिंहदरबारस्थित मंगलबार ऊर्जा मन्त्रालयमा सिँचाइतर्फबाट उच्च अधिकारी, आयोजनाका पदाधिकारी र निर्माण व्यवसायीलाई अब ढिलाइ सह्य नहुने जनाउँदै तत्काल काममा गति दिन निर्देशन दिनुभएको हो ।

सुरुङ निर्माण सम्पन्न भएको लामो समय भए पनि बाँधस्थल र विद्युत् गृहको काममा अपेक्षित प्रगति हुन सकेको छैन । निर्माण व्यवसायीको कमजोर कार्यसम्पादका कारण निर्माण कार्यले गति लिन सकेको छैन ।आयोजना सम्वद्ध अधिकारी आयोजनास्थलमा नबस्ने, लामो समयसम्म परामर्शदाताको अभावका कारण निर्माण व्यवसायीलाई आवश्यक निर्देशन तथा परिचालनमा समेत समस्या पैदा भएको छ ।



आयोजनाको प्रगतिको अवस्थाका बारेमा ऊर्जामन्त्री बस्नेतले नियमित रुपमा जानकारी लिँदै आएका छन्। नेकपा(एमाले)को मध्यपहाडी राजमार्ग केन्द्रीत अभियानका क्रममा सो पार्टी सम्वद्ध शीर्ष नेतालेसमेत स्थलगत निरीक्षण गरे ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले यसअघि नै प्रधानमन्त्री कार्यालय मातहतका रहेको एक्सन रुममार्फत अवस्थाको बारेमा जानकारी लिएका थिए। कामले अपेक्षित गति नलिएपछि मंगलबार मन्त्री बस्नेतले अब पनि अपेक्षित प्रगति नभए सहन नसकिने भन्दै आयोजनाका अधिकारी र निर्माण व्यवसायीलाई चेतावनी दिए । छलफलमासमेत निर्माण व्यवसार्या रहनुभएका रमण कन्स्ट्रक्सनका प्रमुख रमणकुमार महत्तोले आयोजनाका अधिकारीले समयमा भुक्तानी नगरिदिएको तथा अन्य अत्यावश्यक काम नगरिदिएका कारण आयोजनास्थलमा प्रभावकारी काम गर्न नसकेको आरोप लगाए ।

आयोजना निर्देशक रणबहादुर बमलगायतका अधिकारीले निर्माण व्यवसायीले काम नगरेको, आवश्यक जनशक्ति परिचालन नगरेको तथा उपकरण एवम् निर्माण सामग्रीको प्रबन्ध नगरेको भन्दै गुनासो गरे । एकले अर्कालाई दोष देखाएर आयोजनाका काममा ढिलाइ गरेको भन्दै मन्त्री बस्नेतले भने"एकले अर्कोलाई दोष देखाएर राष्ट्रिय गौरवको आयोजनामा समस्या सिर्जना गर्ने काम नगर्नुस । समस्या के हो ? समाधानको उपाय के हो ? त्यो प्रस्तुत गर्नुस् । "

उनले अबदेखि हरेक १५ दिनमा सिँचाइ विभागले र हरेक महिनामा मन्त्रालयकातर्फबाट आयोजनाको निरीक्षण गर्ने बताए ।आयोजना निर्देशक बमले दैनिक रुपमा दुई सय ६० घनमिटरका दरमा ढलान तथा कङ्क्रिटको काम हुनुपर्ने बताए । उनले आयोजनालाई दैनिक तीन वटा शत्रमा काम गर्ने वातावरण मिलाइने विश्वास दिलाए ।

छलफलमा ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सुशीलचन्द्र तिवारीले राज्यको साधन र स्रोत लगानी भएको आयोजनामा कुनै पनि ढिलाइ नगर्न सम्वद्ध पक्षलाई निर्देशन दिए । छलफलमा सिँचाइतर्फका सहसचिव सुशीलचन्द्र आचार्य, मोहन शाक्य, सिँचाइ विभागका महानिर्देशक चूर्णबहादुर ओली, उपमहानिर्देशक सञ्जीव बराल र दिनेश रजौरियालगायतको उपस्थिति थियो ।

# नेप्से परिसूचकमा उच्च अङ्कको वृद्धि

**टुडे समाचारदाता**

काठमाण्डु । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक मंगलबार पनि उच्च अङ्कले उकालो लागेको छ। नेप्से परिसूचक दुई हजार एक सय विन्दुभन्दा माथि पुगेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक ४५ दशमलब ९८ विन्दुले उकालो लागेर दुई हजार एक सय छमा पुगेको हो।

यस्तै ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक सात दशमलब शुन्य पाँच अङ्कले उकालो लागेर तीन सय ९७ दशमलब ६९ मा पुगेको छ।

कूल एक करोड ६४ लाख ५७ हजार एक सय ३८ कित्ता शेयर रु पाँच अर्ब ९८ करोड ४६ लाख ९९ हजार एक सय ७५ मा खरिद बिक्री भएको छ।

नेप्सेका अनुसार कारोबारका आधारमा शिवम् सिमेन्ट शीर्ष स्थानमा छ। सो कम्पनीको रु ३७ करोड ४३ लाख ४८ हजार दुई सय दुई बराबरको शेयर कारोबार भयो। यस्तै सोल्टी होटलको रु २८ करोड ७३ लाख २४ हजार तीन सय ३१, सोनापुर मिनरल्सको रु १६ करोड ७१ लाख ४२ हजार सात सय ५५, हाथवे इन्भेस्टमेन्टको रु १४ करोड २९ लाख ३० हजार पाँच सय ८८ र घोराही सिमेन्टको रु १३ करोड ३० लाख ८६ हजार तीन सय ९८ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन्।

नेप्सेका अनुसार मंगलबार विभिन्न दस कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। यस्तै सिद्धार्थ इन्भेस्टम ग्रोथ स्किम दोस्रो सात दशमलब २६, माथिल्लो मैलुङ खोला जलविद्युत् आयोजना चार दशमलब ९०, प्रभु बैंकको ऋणपत्र तीन दशमलब ८३, सानिमा बैंकको ऋणपत्र तीन दशमलब ७८ र पिपल्स पावरको लगानीकर्ताले तीन दशमलब १९ प्रतिशतले गुमाएका छन्।


# खेतबारीमा भेटिन थाले दुर्लभ अजिङ्गर

**टुडे समाचारदाता**

झापा । घस्रने जातको संरक्षित वन्यजन्तुमा सूचीकृत अजिङ्गर झापाको विभिन्न स्थानमा भेटिन थालेका छन् । गत मङ्सिरको पहिलो साता भद्रपुर नगरपालिका-३ का अनही राजवंशीको खेतमा मोटो र लामो सर्प भेटियो । काउली बारीमा दिउँसो देखापरेको सो सर्प अजिङ्गर रहेछ । स्थानीयले प्लास्टिकको जालीले बेरेर घिस्याउँदै खेतबाट बाहिर निकालेर प्रहरीलाई खबर गरेका थिए।

प्रहरीले नियन्त्रणमा लिएर अजिङ्गर डिभिजन वन कार्यालय झापामा बुझाएको थियो । अजिङ्गर भेटिएको यो स्थान मेची नदी पूर्व नेपालको सीमान्त गाउँ पर्दछ । यति टाढा गाउँमा अजिङ्गर कसरी पुग्यो भनेर बन कर्मचारी पनि अचम्मित छन् ।त्यसैगरी, भद्रपुर-५ स्थित लक्ष्मण प्रधानको आँगनमा कदमको रूखमा बेरिएर बसेको ठूलो आकारको अजिङ्गर फेला परेपछि गाउँ त्रसित बनेको थियो । दश केजी तौलको सो अजिङ्गरलाई वन कर्मचारी र प्रहरीले उद्धार गरेर चारआली जङ्गलमा छाडिदिएका थिए। अजिङ्गर दुर्लभ जातको 'पाइथन' भएको पत्ता लागेको थियो।

अर्जुनधारा, हल्दिबारी, कचनकबल, बाह्रदशीलगायत पालिकामा मानिसका खेतबारी र साना खोल्साहरुमा अजिङ्गर भेटिने गरेका छन् । यी क्षेत्र झापाको जलथल जङ्गल वरिपरि पर्दछ । जलथल जङ्गल अजिङ्गरको मुख्य बासस्थान मानिएको छ।



जिल्लाका विभिन्न पालिकामा भेटिएका अजिङ्गरको उद्धार गरी डिभिजन वन कार्यालय झापाको उद्धार टोलीले प्राकृतिक बासस्थान स्थानीय सामुदायिक वनमा सुरक्षित लगेर छाड्ने गरेको जनाएको छ । वनको उद्धार टोलीले चालु आर्थिक वर्षको पाँच महिनामात्र छवटा अजिङ्गरको उद्धार गरेर प्राकृतिक बासस्थानमा छाडेको जनाएको छ । गत आर्थिक वर्ष २०७९/८० मा ११ वटा विभिन्न जातका अजिङ्गर मानिसहरुको घरको आँगन, खेत र सडकबाट उद्धार गरिएको डिभिजन वन कार्यालय झापाका अधिकृत ऋषि पराजुलीले बताए।

उनका अनुसार उद्धार गरिएका सबै अजिङ्गरलाई प्राकृतिक बासस्थानमा छाडिदिने गरिएको छ । उनले पाँच केजीदेखि १६ केजीसम्मको अजिङ्गर फेला परिरहेको जानकारी दिए। "यो संरक्षित वन्यजस्तुहरु मध्येको घस्रने जन्तु हो", उनले भने, "मानिसहरु सचेत छन् दुर्लभ जन्तु भन्ने ज्ञान छ। फेला पर्ने बित्तिकै खबर गर्छन्। हामी उद्धार गरिरहेका छौं।"

| क.स. | कार्यालयको नाम, ठेगाना | ऋणीको विवरण | | | | | | | | | व्यक्तिगत जमानीकर्ताको विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नाम | लिंग | ना.प्र.प.नं. | जारी मिति र जिल्ला | स्थायी ठेगाना | हालको ठेगाना | पतिको नाम | पिताको नाम | ससुराको नाम | नाम | लिंग | ना.प्र.प.नं. | जारी मिति र जिल्ला | स्थायी ठेगाना | हालको ठेगाना | पतिको नाम | पिताको नाम | ससुराको नाम |
| ४७ | शा.का. राजविराज | नागेन्द्र प्रसाद सदा | पुरुष | ७९७२३२७९ | ०४४/१२/१५ सप्तरी | कोचाबखरी २ | छिन्नमसता ५ | | यदुनन्दन लाल दास | मोति सदा | नागेन्द्र प्रसाद दास | पुरुष | | | | | | | |
| ४८ | शा.का. राजविराज | निलम ठाकुर | महिला | २०३२ | ०४६/०२/३२ सप्तरी | कोचाबखरी ३ | छिन्नमसता ५ | गिरिजानन्द ठाकुर | ठकन झा | गणेश ठाकुर | निलम ठाकुर | महिला | | | | | | | |
| ४९ | शा.का. राजविराज | सरिता झा | महिला | २६५४ | ०५५/०५/१८ सप्तरी | छिन्नमसता १ | छिन्नमसता ३ | बिनोद कुमार झा | गौरी शंकर झा | बैद्यनाथ झा | सरिता झा | महिला | | | | | | | |
| ५० | शा.का. राजविराज | सनिचरी मण्डल | महिला | ४११४ | ०५५/१०/०९ सप्तरी | नर्घो ३ | राजविराज ७ | मुसहरु मण्डल | देव लाल मण्डल | लक्ष्मण मण्डल | सनिचरी मण्डल | महिला | | | | | | | |
| ५१ | शा.का. कल्याणपुर | सहिदा खातुन | महिला | ५४३९ | २०४६।११।०१ सप्तरी | मैना सहश्रवाहु गा.वि.स.६, सप्तरी | खडक न.पा.९, सप्तरी | मो. साविर हुसैन | किताब मियाँ | सुलेमान मियाँ | मो. साविर हुसैन | पुरुष | ४३८५५१८५ | २०४६।०२।२९ / सप्तरी | मैना सहश्रवाहू गा.वि.सं ६, सप्तरी | खडक न.पा. ९, सप्तरी | | सुलेमान मियाँ | नुर मो. अंसारी |
| ५२ | शा.का. कल्याणपुर | सोनिता कूमारी सदा | महिला | १६१०७९।२७७ | २०६७०७१८ सप्तरी | मधूपट्टी गा.वि.स.६, सप्तरी | खडक न.पा.८, सप्तरी | शिव कुमार सदा | ठुले सदा मुसहर | बन्हु सदा | शिव कुमार सदा | पुरुष | २४४३४।३२०८ | २०६०।०२।०३ / सप्तरी | मधुपट्टी गा.वि.स.६, सप्तरी | खडक न.पा.८, सप्तरी | | बन्हु सदा | |
| ५३ | शा.का. कल्याणपुर | मो. ईर्साद अंसारी | पुरुष | १६-०१-७५-०३७३५ | २०७५।०३।३१ सप्तरी | खडक न.पा.७, सप्तरी | खडक न.पा.७, सप्तरी | | मो. इसलाम अंसारी | मोदन मियाँ | नाजो खातुन | महिला | ३०३७ | २०६२।०८।०५ / सप्तरी | कल्याणपुर गा.वि.स. ३, सप्तरी | खडक न.पा.७, सप्तरी | मो. इसलाम अंसारी | | मोदन मियाँ |
| ५४ | शा.का. कल्याणपुर | अनिता कुमारी चौधरी | महिला | १६३०९०।१३२ | २०६३।१२।२२ सप्तरी | बनरझुला गा.वि.स.३, सप्तरी | खडक न.पा.३, सप्तरी | कृष्ण देव चौधरी | पुलकित चौधरी | धिरेन्द्र प्रसाद चौधरी | कृष्ण देव चौधरी | पुरुष | ०८५१३८०४ | २०४५।०२।२१ / सप्तरी | बनरझूला गा.वि.स. ३, सप्तरी | खडक न.पा.३, सप्तरी | | धिरेन्द्र प्रसाद चौधरी | |
| ५५ | शा.का. कल्याणपुर | श्रीमती शुशिला देवी चौधरी | महिला | ४२८४ | २०६०।०६।०४ सप्तरी | खोजपुर गा.वि.स.७, सप्तरी | खडक न.पा.५, सप्तरी | शत्रुध्न प्रसाद चौधरी थारु | कन्तु चौधरी | ढोढाई दास चौधरी थारु | बिनिता कुमारी चौधरी | महिला | १६-०१-७२-०१७८५ | २०७२।०३।०२ / सप्तरी | खोजपुर गा.वि.स. ७, सप्तरी | खडक न.पा.५, सप्तरी | | शत्रुध्न प्रसाद चौधरी थारु | |
| ५६ | शा.का. कल्याणपुर | बेवी देवी भगत | महिला | | | मोहनपुर गा.वि.स.२, सप्तरी | शम्भुनाथ न.पा.६, सप्तरी | राम प्रसाद भगत | | नन्दु भगत | राम प्रसाद भगत | पुरुष | ६२६९३४४८ | २२४४।११।२५/ सप्तरी | मोहनपुर गा.वि.स. २, सप्तरी | शम्भुनाथ न.पा. ६, सप्तरी | | नन्दु भगत | गुल्टेन भगत |
| ५७ | शा.का. कल्याणपुर | राम प्रसाद भगत | पुरुष | ६२६९३४४८ | २०४४।११।२५/ सप्तरी | मोहनपुर गा.वि.स.२, सप्तरी | शम्भुनाथ न.पा.६, सप्तरी | | नन्दु भगत | गुल्टेन भगत | सुनिता देवी चौधरी र राज कुमारी चौधरी | महिला | | | भंगहा गा. वि. स. (८, सप्तरी र भंगहा गा. वि. स. (४, सप्तरी | | | | |
| ५८ | शा.का. महेन्द्रनगर | राम दुलारी देवी साह | महिला | २०२९२०७० | २०४५।०२।१४ धनुषा | सिंग्याही मडान ०६ | गणेशमान चारनाथ गोदार | प्रयाग साह तेली | गोखूल साह तेली | जानकी साह तेली | | | | | | | | | |
| ५९ | शा.का. महेन्द्रनगर | दुखनी देवी कुशवाहा | महिला | १७३०८९/५० | २०६३।१२।१८ धनुषा | लक्ष्मी निवास ०२ | बटेश्वर ०१ | साधुशरण महतो | राम उदगार महतो | राम खेलावन महतो | साधुशरण महतो | पुरुष | १४७८२७२६ | २०५१।१२।२८, धनुषा | लक्ष्मी निवास ०२ | बटेश्वर ०१ | | राम खेलावन महतो | गेनाई महतो |
| ६० | शा.का. महेन्द्रनगर | रीता देवी बरही | महिला | १७३०६१/६९० | २०६३।१०।०८ धनुषा | बटेश्वर ०७ | भंगहा ०३,महोतरी | राम प्रसाद ठाकुर | महेन्द्र ठाकुर | फेकन ठाकुर | | | | | | | | | |
| ६१ | शा.का. महेन्द्रनगर | बौएलाल महतो | पुरुष | ९२८६२३६० | २०५२।११।१५ धनुषा | गोदार ०९ | गणेशमान चारनाथ, टडीया | | उतीमलाल महतो | दर्वी महतो कोइरी | उत्तीमलाल महतो | पुरुष | ४९६०-१६११ | २०३३।०३।४, महोत्तरी | किसाननगर ७, महोत्तरी | गणेशमान चारनाथ, टडीया | | दर्वी महतो कोइरी | गेनाई महतो कोइरी |
| ६२ | शा.का. महेन्द्रनगर | रीता देवी यादव | महिला | १७३०४४/७९२ | २०६३।१२।०२ | शान्तिपुर ०२ | बटेश्वर ०२ | शिव शंकर यादव | भोगेन्दर यादव | कैलाश यादव | | | | | | | | | |
| ६३ | शा.का. महेन्द्रनगर | सुनिता कुमारी | महिला | १७३०९७/४१ | २०७०।०२।२४ धनुषा | बेंगाडाबर ०२ | मिथिला ०२ | सुरज नारायण । महतो | सूरुज नारायण । महतो | राम प्रसाद महतो कोईरी | राम प्रसाद महतो कोईरी | पुरुष | | | बेंगाडाबर २ | मिथिला २ | | बुलन महतो | रुपा महतो |
| ६४ | शा.का. महेन्द्रनगर | गिता देवी सिंह | महिला | १७१०८८/१६९ | २०६७/०६/१२ धनुषा | भुचक्रपुर ०६ | बटेश्वर ०२ | बुधेश्वर सिंह दनूवार | दिल बहादुर खत्री | विरदेव सिंह | | | | | | | | | |

ग्रामिण विकास लघुवित्त वित्तीय संस्था लि.

# उखुको समर्थन मूल्य प्रतिक्विन्टल ५६५ रुपैयाँ तोक्ने सहमति भएको छ : पूर्व मन्त्री श्रेष्ठ

**टुडे समाचारदाता**

बारा । पूर्व मन्त्री तथा बारा क्षेत्र नम्बर ४ का सङ्घीय सांसद किसान श्रेष्ठले यस वर्ष उखुको मूल्य प्रतिक्विन्टल ५६५ रुपैयाँमा सहमति भएको जानकारी दिएका छन् ।

कृषि अनुसन्धान निर्देशनालय परवानीपुरमा कृषि यान्त्रीकरण तालिमको समापन कार्यक्रममा सङ्घीय सांसद श्रेष्ठले उखुको ५६५ रुपैयाँ प्रतिक्विन्टलमा सहमति भएर सो प्रस्ताव कृषि मन्त्रालयबाट मन्त्रिपरिषद्मा पुगिसकेको जनाए ।

चिनी उद्योग तथा उखु किसानहरूको समस्या समाधान उपसमिति संयोजकसमेत रहेका श्रेष्ठले देशभरका चिनी मिलले उखु क्रसिंग सुरु गरे पनि किसानहरूले नयाँ दररेटमा रकम पाउने बताएका छन् ।

गत वर्ष अनुदानबाहेक मिलले उखुको मूल्य प्रतिक्विन्टल ५४० रुपैयाँ र प्रतिक्विन्टल ७० रुपैयाँ सरकारले अनुदान स्वरूप दिएको थियो ।

यस वर्ष मिलले दिने रकममा पहिलो चरणमा ११ रुपैयाँ बढाएर प्रतिक्विन्टल ५५१ रुपैयाँ तोक्ने छलफल भए पनि




संघीय सांसद श्रेष्ठले सो रकम न्यून भएको भन्दै चौतर्फी दबाबपछि प्रतिक्विन्टल ५६६ मा सहमति भएको बताए ।

'चिनी उद्योग तथा उखु किसानहरूको समस्या समाधान उपसमिति संयोजक भएको हिसाबले मूल्य निर्धारण समितिका सदस्य कृषि मन्त्रालय र अर्थ मन्त्रालयको सचिव, सहसचिवलाई बोलाएर ५५१ रुपैयाँ साह्रै थोरै भयो भनेपछि प्रतिक्विन्टल ५६५ रुपैयाँमा सहमति भएको छ' संघीय सांसद श्रेष्ठले भने 'केही जिल्लाका किसानहरू यसमा पनि असन्तुष्ट पनि हुनुहुन्छ, सर्लाहीमा चिनी मिल चल्न नदिएको भन्ने पनि छ ।'

श्रेष्ठले धनगढी सहित पश्चिमका जिल्लाहरूको भ्रमणको क्रममा किसानहरूले उखुको मूल्य बढाउन भन्दा उन्नत जातको बीउ उपलब्ध माग गरेको बताए ।

गत वर्ष किसानहरूलाई सरकारबाट पाउनुपर्ने १ अर्ब ३२ करोड अनुदानको रकममध्ये दीपावली लगत्तै ८० करोड उपलब्ध गराउन सफल भएको र बाँकी रकमको हकमा पनि निकासा भइसकेको सांसद श्रेष्ठले बताएका छन् ।

'उखु किसानहरूको बाँकी अनुदानको ५२ करोड रुपैयाँको लागि नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, प्रधानमन्त्री पुष्पकमल दाहाल, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासहित सरोकारवाला सबै मन्त्रालयलाई चौतर्फी दबाब दिएपछि बल्ल निकासा भएको छ , अब केही दिनभित्रमा किसानहरूको हातमा पुग्छ' श्रेष्ठले भने ।

२०७१/०७२ सालमा तत्कालीन उपप्रधानमन्त्री माधव कुमार नेपालको पालामा उखु किसानहरूले उखुको बिक्री गरेको रकमको १३ प्रतिशत भ्याट किसानलाई फिर्ता गर्ने प्रचलनको सुरुवात गरेका थिए । हाल सोही रकमलाई नै सरकारले अनुदानको नाम दिने गरेको छ। संघीय सांसद श्रेष्ठले उखुको नयाँ मूल्य प्रतिक्विन्टल ५६५ रुपैयाँमा निर्णय भए लगत्तै सोही रकमको १३ प्रतिशत ७३ रुपैयाँ ४५ पैसा किसानहरूले अनुदान स्वरूप पाउनुपर्ने माग गरेका छन् ।

श्रेष्ठले आफू संघीय सांसद मात्रै नभएर व्यावसायिक रूपमा उखु, कागती खेती र पाडा पालन गर्दै आएकोले कृषक पनि भएको बताएका छन् । कृषि यान्त्रिकरण तालिम झापा, कपिलवस्तुसहित देशभरबाट छनोट भएका २० जना कृषि प्राविधिक सहभागी भएका थिए ।

## गोपाल धर्मशालामा बजार व्यवस्थापनलगायतका कार्य नगर्न अन्तरिम आदेश



**टुडे समाचारदाता**

जनकपुरधाम।जनकपुरधामस्थित गोपाल धर्मशालामा बजार व्यवस्थापनलगायत जग्गा उपभोग नगर्न/नगराउन भन्दै उच्च अदालत जनकपुरले अन्तरिम आदेश जारी गरेको छ ।

शम्भु यादवले दिएको निवेदन उपर सुनुवाइ गर्दै न्यायाधीश बलभद्र बाँस्तोलाको एकल इजलासले जिल्ला प्रशासन कार्यालय धनुषासमेतको नाममा गोपाल धर्मशालामा कुनै पनि किसिमको बजार व्यवस्थापन तथा उपभोगलगायतका कार्यहरु टुंगो नलागेसम्मका लागि विपक्षीहरुलाई लिखित जवाफ पेश गर्न भन्दै अन्तरिम आदेश जारी गरेको छ ।

गोपाल धर्मशाला गुठी संस्थानको अधिनस्थ रहेकाले धर्मशालाको जग्गा गुठी तैनाथी जग्गा हुँदा गुटी संस्थानको उद्देश्य र अभिष्टबाहेकको अन्य बजार व्यवस्थापनका कार्यमा गुठी संस्थान अन्तर्गतको गोपाल धर्मशालाको गुठी जग्गा उपभोग नगर्नु/नगराउनु र उक्त धर्मशालामा कुनै निर्माण कार्य, बजार व्यवस्थापनको कार्य नगरी निवेदनको टुंगो नलागेसम्म यथास्थितिमा राख्नु भनी मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा १५८ तथा उच्च अदालत नियमावली २०७३ को नियम ४२ बमोजिम विपक्षीहरुको नाममा अन्तरिम आदेश जारी गरिएको उच्च अदालतले जारीको अन्तरिम आदेशमा उल्लेख गरिएको छ ।

सार्वजनिक हितको लागि अदालतमा निवेदन परेकोले अन्तरिम आदेश जारी गरिएको जनाइएको छ ।


जिल्ला प्रशासन कार्यालय धनुषालाई उच्च सरकारी वकील कार्यालय मार्फत तथा अन्य विपक्षीहरुले आफै वा आफ्नो कानुन बमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ पेस गर्न आदेश दिइएको छ ।

## काँग्रेसमा सभापतिको एक्लौटी निर्णयप्रति असन्तुष्टि

**टुडे समाचारदाता**

जनकपुरधाम। नेपाली काँग्रेस मधेश प्रदेशको सम्मेलनको पूर्वसन्ध्यामा काँग्रेसभित्र तीव्र असन्तुष्टि देखिएको छ ।

मंगलबार नेपाली कांग्रेस धनुषा निर्वाचन क्षेत्र नम्बर ३ (ख) को प्रदेश सम्मेलनका लागि छनोट गरिएको प्रतिनिधिमा एक्लौटी भएको भन्दै दर्जनभन्दा बढी सदस्यले सो कार्यको विरोध गरेका छन् ।



प्रदेश सभा क्षेत्रीय प्रतिनिधिहरुबीच निर्वाचन प्रक्रियालाई बेवास्ता गर्दै प्रदेश क्षेत्रीय सभापतिले आफूखुसी एक्लौटी ढंगले प्रतिनिधिहरुको नाम छनोट गरी सिफारिस गरेको भन्दै २५ सदस्यीय प्रदेश सभा क्षेत्रीय कार्यसमितिमध्ये १४ जना सदस्यले विरोध जनाएका छन् ।

काँग्रेसको विधान बमोजिम विधि प्रक्रियासम्मत नदेखिएको भन्दै काँग्रेसको मधेश प्रदेश कार्य समितिमा उजुरी दिएको सदस्य दीपक ठाकुरले जानकारी दिएका छन् ।

## अनुसन्धान जर्नल लोकार्पण




**टुडे समाचारदाता**

जनकपुरधाम । राजर्षि जनक विश्वविद्यालयको अनुसन्धानमूलक अर्धवार्षिक पत्रिका अनुसन्धान जर्नलको मंगलबार लोकार्पण गरिएको छ ।

राजर्षि जनक विश्वविद्यालय अन्तर्गतको अनुसन्धान केन्द्रका निर्देशक रामखेलावन साहको सम्पादनमा प्रकाशित गरिएको अनुसन्धान जर्नल भोल्युम १ नम्वर २ को विश्वविद्यालयकका उपकुलपति अमर प्रसाद यादव र रजिष्ट्रार सत्यनारायण साहले मंगलबार संयुक्तरुपमा लोकार्पण गरे ।

सो अवसरमा उपकुलपति यादवले विश्वविद्यालयको पछिल्लो अवस्था अस्थिर रहे पनि अनुसन्धान केन्द्रले प्रकाशित गरेको अनुसन्धान जर्नलप्रति धन्यवाद दिंदै अनुसन्धानका क्रियाकलापहरु जारी राख्नु पर्नेमा जोड दिए। उनले अहिलेको अवस्थामा अनुसन्धान गर्नुपर्ने अवस्था रहेकोले अझ फरक विषयवस्तु बनाइ कार्य जारी राख्न आग्रह गरे ।

कार्यक्रममा विश्वविद्यालयका रजिष्टार सत्यनारायण साहले अनुसन्धान कार्य जारी राख्नुपर्ने बताए । उनले विभिन्न संकायहरुलाई आ आफनो तबरले अनुसन्धान गर्न आग्रह गर्दै यसका लागि आवश्यक पर्ने बजेट विश्वविद्यालयले व्यवस्थापन गर्ने बताए ।

निर्देशक साहको सम्पादनमा प्रकाशित उक्त अर्धवार्षिक पुस्तकमा १३ वटा रिसर्च समावेश गरिएको छ। अनुसन्धान जर्नलमा तीनवटा पारामेडिकल, ६ वटा वाणिज्य, एउटा स्टेटिकल र एउटा रिसर्च नेपालीमा रहेको अनुसन्धान केन्द्रका निर्देशक साहले जानकारी दिए ।

## नगर क्षेत्रमा सरसफाइ



**टुडे समाचारदाता**

जनकपुरधाम । विवाह पञ्चमी महोत्सव समाप्त भएसंगै फोहर बनेको नगर क्षेत्रमा सरसफाइ तीव्र बनाइएको छ ।

जनकपुरधामउपमहानगरपालिकाले सरसफाइमा तीव्रता दिएको छ। यस क्रममा मंगलबार जानकी मन्दिरमा विशेष सरसफाइ गरेको छ ।

लाखौं तीर्थयात्रीहरू जनकपुरधाम आएका कारणले नगर क्षेत्रमा जथाभाबी रुपमा मलमूत्रका साथै अन्य उपभोग्य सामग्रीहरू फालेका कारणले सरसफाइमा तीव्रता दिइएको छ। तर पनि अहिले बाह्र विघा क्षेत्रमा अत्यधिक मात्रामा फोहर सफा हुन बाँकी नै छ ।

त्यस्तै जानकी मन्दिर क्षेत्रमा नै हालै सौन्दर्यकरण गरिएको तेलहा तथा मडहासर क्षेत्रमा जथाभावी रुपमा मलमूत्र त्याग गरेका कारणले सो क्षेत्रमा घर भएका व्यक्तिहरूलाई सास लिनमा समस्या भएको स्थानीयवासीले गुनासो गरेका छन् ।

बढ्दो शहरीकरणका कारणले खाली जग्गाको अभाव भएको र तीर्थयात्रीको तुलनामा शौचालय कम भएका कारणले सर्वसाधारणलाई निकै समस्या व्यहोर्नु परेको छ ।

## मोटर जल्दा हरिवनमा खानेपानीको समस्या

**टुडे समाचारदाता**

सर्लाही । खानेपानीको मोटर जल्दा सर्लाहीको हरिवनमा पिउने पानी अभाव भएको छ ।

हरिवन नगरपालिका वडा नं. ८ मा रहेको खानेपानीको डिप बोरिङमा जडित ४१ हर्षपावरको मोटर चार दिनअघि जलेपछि एक हजार सात सय परिवारमा खानेपानीको समस्या भएको छ ।

उक्त खानेपानी आयोजनामार्फत हरिवनको वडा नं. ८ र ११ मा खानेपानी वितरण हुँदै आएको छ । खानेपानीको आफ्नै डिप बोरिङ नहुँदा सिँचाईका लागि भनेर खनिएको डिप बोरिङमा मोटर जडान गरेर पानी वितरण गर्दै आएको हरिवन ८ का वडाध्यक्ष प्रज्वल ढुङ्गानाले जानकारी दिए । उनले नयाँ मोटरका लागि खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय मलङ्गवामा पहल गरिएको बताए ।

तत्कालका लागि अत्रौली खानेपानी आयोजनाबाट कम क्षमताको मोटर ल्याएर जडान गरे पनि यसअघिको मोटरले झैं उपभोक्तालाई पर्याप्त पानी पुर्‍याउन नसकेको उनले बताए ।

खानेपानी कार्यालयले काठमाण्डुबाट मगाइएको मोटर एक दुई दिनमै जडान भइसक्ने जनाएको छ। कार्यालयका इन्जिनियर रामनाथ साहले काठमाण्डुबाट आपूर्तिकर्ताले मोटर पठाइसकेको जानकारी दिए ।

## साहलाई मातृ शोक



**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधामका मोडेल मल्टिपल कलेजका संस्थापक वीरेन्द्र कुमार साहलाई मातृ शोक परेको छ ।

कलेजका प्रमुखसमेत रहेका साहकी आमा संयोगा देवीको ८० वर्षको उमेरमा मंगलबार निधन भएको छ। आमाको निधन भएसँगै विभिन्न संघसंस्थाले प्रमुख साहको शोकाकुल परिवारलाई धैर्यधारणका प्रार्थनासमेत गरेका छन् ।

## बजेट प्रभावकारी रुपमा सदुपयोग गर्न मन्त्री सिंहको निर्देशन

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्री वीरेन्द्रप्रसाद सिंहले स्वास्थ्यमा आएको बजेट प्रभावकारी रुपमा सही सदुपयोग गर्न मातहतका निकायलाई निर्देशन दिएका छन् ।

मंगलबार जनकपुरधाममा आयोजित स्वास्थ्य क्षेत्रमा सार्वजनिक वित्तीय व्यवस्थापन र खरिद व्यवस्थापन उपलब्धि, विद्यमान चुनौती तथा आगामी कार्यदिशा सम्बन्धी नीति संवाद कार्यक्रममा मन्त्री सिंहले यस्तो निर्देशन दिएका छन् ।

उनले कार्यक्रममा सहभागी मधेश प्रदेशका स्वास्थ्य संस्था, प्रादेशिक अस्पतालका प्रमुखहरूलाई स्वास्थ्य क्षेत्रमा आएको बजेट प्रदेशगत हिसाबमा थोरै भए पनि त्यसको सही सदुपयोग गर्न आग्रह गरे ।

उनले जनसंख्याको हिसाबले मधेश प्रदेशमा अन्य प्रदेशको तुलनामा कम बजेट दिएको गुनासोसमेत गरे । मधेशको स्वास्थ्य अवस्था सुधार्न र गुणस्तरीय सेवा प्रवाह गर्न सबैको सार्थक सहयोग हुनुपर्नेमा उनको जोड थियो ।



नेपाल सरकारको समतामूलक र गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गर्ने प्रतिबद्धता र पहलमा सहयोग पुऱ्याउन बेलायत सरकारको आर्थिक र प्राविधिक सहयोग सहयोगमा सन् २०१६ देखि सञ्चालन हुँदै आएको नेपाल स्वास्थ्य क्षेत्र सहयोग कार्यक्रमद्वारा आयोजित सो कार्यक्रममा सार्वजनिक लेखा समिति मधेश प्रदेशका सभापति मञ्जु कुमारी थापा, महिला, बालबालिका तथा सामाजिक न्याय समितिका सभापति रुपा यादव, संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका उपसचिव लक्ष्मी प्रसाद जोशी, विकास साझेदार निकाय तथा विभिन्न दातृ तथा सहयोगी निकायका स्वास्थ्य विज्ञ, स्वास्थ्य संस्था र अस्पतालको प्रमुखहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रममा स्वास्थ्य क्षेत्रको र सार्वजनिक वित्तीय व्यवस्थापन, विद्यमान अवस्था, जोखिम चुनौती र अगामी कार्यदिशा सम्बन्धमा वृहत् छलफल भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको विभागीय प्रमुख डा. ईन्द्रजित कुमार रजकले जानकारी दिए ।

**यात्रालाई सुरक्षित बनाऔं।**

- सवारी चढ्दा र ओर्लदा अरुलाई नधकेलौं, लाइनमा बसेर चढ्ने र ओर्लने गरौं,
- सवारीसाधनबाट शरिरका अंग बाहिर ननिकालौं,
- चालकलाई तीब्र गतिमा सवारी चलाउन नउक्साऔं,
- सवारीसाधनमा सभ्य व्यवहार देखाऔं,
- सवारीसाधनको छतमा बसेर यात्रा नगरौं,
- चालकलाई सवारी सञ्चालनमा कुनै प्रकारको अवरोध नगरौं,
- मादक पदार्थ सेवन गरेका चालकलाई सवार ीसाधन चलाउन नदिऔं,

सुरक्षित होऔं, सुरक्षित यात्रा गरौं, सकुशल गन्तव्यमा पुगौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८